# राप्ती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### भण्डारा, चितवन ।
## नवौँ नगरसभा (मितिः २०७८।०३।०७)

## राप्ती नगरपालिका चितवनको आ.व.२०७८/०७९को नीति तथा कार्यक्रम

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

हार्दिक नमस्कार

- यस सम्मानित नवौं नगरसभामा राप्ती नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति माग्दछु ।
- सर्वप्रथम म यस अवसरमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र ल्याउन आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपुर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । राप्ती नगरपालिका वडा नं. ११ का वडाध्यक्ष हितबहादुर तामाङ आज हामीबिच हुनुहुन्न, म उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । उहाँका सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु । सामाजिक न्याय, समावेशिता, राष्ट्रियताप्रति प्रतिबद्ध रही नागरिक हक सहितको न्यायपुर्ण समाज निर्माणको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।
- कोभिड १९ महामारीको पहिलो तथा दोस्रो लहरले सारा विश्व नै असहज र सङ्कटपुर्ण स्थितिबाट गुज्रिरहेको छ । यस महामारीबाट सङ्क्रमित भई नेपाल भित्र तथा विदेशमा ज्यान गुमाउनुहुने सम्पुर्ण नेपाली जनमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै उपचाररतको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
- राप्ती नगरपालिका, आधारभुत मुल्य मान्यता मानवअधिकारको संरक्षण सुशासन उत्तरदायी सरकार भ्रष्टाचार नियन्त्रण स्वतन्त्र न्यायपालिका आवधिक निर्वाचन प्रेस स्वतन्त्रता विधिको शासन जनताका हक अधिकार प्रति प्रतिबद्ध रहेको कुरा अवगत गराँउदछु ।
- यस्तो जोखिमपुर्ण स्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक, जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधिहरु, विभिन्न संघसंस्था, कर्मचारीहरु तथा पत्रकारहरुलाई म उच्च प्रशंसा गर्दछु ।
- कोभिड १९ को पहिलो लहर २०७६ चैत्र देखि २०७७ माघ सम्म रही जसमा १९७३ को परिक्षण गरिएकोमा ३१३ जना संक्रमित भई ३०४ जनाले कोरोनालाई पराजित गर्न सफल भएको र अन्य ९ जनाको निधन भएको थियो ।
- महामारीको दोस्रो लहर झनै संक्रामक भई ४१७ जना संक्रमित भई १३ जनाले मृत्युवरण गर्नुपरेको, २०३ जनाले कोभीडलाई पराजित गर्नुभएको र हाल ५५ जना सक्रिय संक्रमित रहेको तथ्याङ्क रहेको छ ।

- साथै यस राप्ती नगरपालिकाको कोरोना रोकथाम, नियन्त्रण र उपचार कोषमा विभिन्न संस्थाहरुले जनप्रतिनिधिले कर्मचारी शिक्षकले आर्थिक तथा स्वास्थ्य सामाग्री उपलब्ध गराउनु भएको छ, म उहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

## माननीय सदस्यहरु,

राप्ती नगरपालिका पहाड र तराई दुई फरक भौगोलिक अवस्थाबाट फरक जनताको आर्थिक अवस्था भएको नगरपालिका हो । चारवटा वडामा विशेष गरी अति सीमान्तकृत वर्ग चेपाङ समुदाय र तामाङ समुदायको अत्याधिक बसोबास रहेको छ भने तलाका वडाहरुमा सबै जातिको बसोबास रहेको छ । भौगोलिक हिसाबले विकट नगरपालिका भनेर राप्ती नगरपालिका जति अप्ठ्यारा र जटिलताहरु छन्, त्यति नै विभिन्न स्रोत र अवसरहरु छन् । चितवनको सबैभन्दा अग्लो पहाड कमिनचुली, कमिनचुलीमा फुलेका लालीगुराँस, ठूला ठूला पहरामा पहाडैभरी लटरम्म फैलिएको चिउरी, चिउरीको हाँगामा बास बसिरहेको चमेरो, चमेरालाई सिकार गर्ने र चिउरीको फूलको मीठो स्वाद लिने चेपाङ समुदाय पनि यहीँ छ । त्यस्तै दक्षिणतर्फ राजमार्गबाट ३ किलोमिटर पर्ने चितवन राष्ट्रिय निकुञ्ज, निकुञ्जभित्रका हात्ती, गैँडा, बाघ, जरायो, मृग, मयुर, बँदेल लगायत विभिन्न जातका चराचुरुङ्गी बसोबास गर्दछन् । यो विश्वसम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा पर्यटनको विकास गरेमा यहाँका वैदेशिक रोजगारीमा विदेशमा भौँतारिएका भाईबहिनीहरुलाई विदेश जानबाट रोक्न सकिन्छ ।

माननीय सदस्यज्यूहरु,

राप्ती नगरपालिका समृद्धिको आधार, कृषि, पर्यटन र पूर्वाधार भन्ने नारा हामीले तय गरिसकेका छौँ । यहाँको प्रमुख आर्थिक उत्पादनको आधार कृषि हो किनभने यहाँ बहुसंख्यक जनताहरु कृषिमा आश्रित हुनुहुन्छ । यही ठाउँबाट दैनिक ३० हजार लिटर दुध उत्पादन हुन्छ । तरकारी र महमा यो नगरपालिका आत्मनिर्भर छ । माछामा यो नगरपालिका आत्मनिर्भरको बाटोतिर लम्किरहेको छ । हाम्रो दिन, दैनिक आवश्यक पर्ने खाद्य उत्पादनमा पनि हामी आत्मनिर्भर छौँ । हामीले कृषिबाट उत्पादित कृषिजन्य वस्तु र पशुबाट उत्पादित पशुजन्य पदार्थलाई बजारसम्म लगेर किसानलाई उचित मूल्य दिलाएर किसानहरुलाई आफ्नो कृषिजन्य व्यवसायमा उत्साहित र आत्मनिर्भर बनाउनु नै हाम्रो प्रमुख चुनौती रहेको छ । अहिले पनि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको महामारीले किसानले दुध फाल्नुपरेको छ, तरकारी बारीमै कुहाउनुपरेको छ, दिनानुदिन किसानहरुमा नैराश्यता फैलिँदै गएको छ ।

माननीय सदस्यज्यूहरु,

हामीले यो नगरपालिकालाई आर्थिक रुपबाट माथि उठाउनका लागि सम्भावना बोकेका पर्यटकीय स्थल, पहाडको कमिनचुली र त्यस क्षेत्रको पूर्वाधार विकास र त्यसभित्र रहेका लालीगुराँस, चिउरी, चमेरा, चेपाङ समुदायको बसोबास, मौरीपालनलाई प्राथमिकता दिने र दक्षिणतर्फको विश्वसम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको मध्यवर्ती क्षेत्रका आसपासका भू-भागमा लोथरदेखि सौराहासम्मको पर्यटन मार्ग, जिप सफारी, होमस्टे, रेस्टुरेन्ट र होटलका साथै स्वदेशी तथा विदेशी पर्यटकहरुलाई आकर्षित गर्ने

खालका संरचना निर्माण गर्नुपर्ने अवस्था लगायतका महत्वपूर्ण जिम्मेवारी रहेको छ । हामीले राप्ती नगरपालिकामा महत्त्वपूर्ण तीनओटा गौरवका आयोजनाहरु सम्पन्न गर्ने र त्यसबाट नगरपालिकालाई पनि एउटा महत्त्वपूर्ण आम्दानीको स्रोत हुने र नगरपालिकालाई पनि देशभरि स्थापित गर्ने भन्ने महत्त्पूर्ण सोच हुँदा हुँदै पनि हाम्री आर्थिक अभावबाट एकआपसमा नगरका महत्वका तीन गौरवका आयोजनालाई महत्व दिन नसक्दा प्रत्येक वडामा निर्माण गरिएका विभिन्न पर्यटकीय स्थल, पार्क, टावरहरु अधुरा रहेका छन् । हामी नगरपालिकाको अबको यो वर्ष सबै अधुरा कामहरुलाई पूरा गरेर सानातिना भएपनि हाम्रा पर्यटकीय क्षेत्र र पार्कहरुलाई पूरा गर्नेतर्फ लागेका छौँ ।

माननीय सदस्यज्यूहरु,
संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र स्थानीय तहको सरकारको संविधानमा व्यवस्थासँगै नगरपालिका पनि भर्खर भर्खर स्थापना भएको थियो । भौतिक संरचना शून्य अवस्थामा रहेको, कर्मचारी जनशक्ति नरहेको, संविधानले व्यवस्था गरे अनुसारको आफ्नो अधिकार क्षेत्रभित्र रहेर ऐन, नियम, नियमावली, कार्यविधि नबनिसकेको, जिल्लाबाट सबै शाखाहरु नगरपालिकामा हस्तान्तरण भई आएको र कार्यालयलाई व्यवस्थित गर्न नभ्याइएको अवस्था छ । राप्तीको प्रमुख समस्याहरुमा पहाडमा पहिरो, तराईमा बाढी र डुबानबाट उत्तर दक्षिण भएर बग्ने खहरे खोलाहरु वर्षेनी दक्षिणतर्फको ठूलो नदीहरु लोथर र राप्ती खोलाको समस्या समाधान गर्नुपर्ने थियो । हाम्रा थुप्रै नदीनाला, तटबन्धन, कुलो निर्माण, खानेपानी विस्तार, विद्‌युत् लाइन मर्मत र विस्तार, पहाडमा बाटो बनाउनुपर्ने, ट्र्याक खोल्नुपर्ने, ग्राबेल गर्नुपर्ने, उच्चस्तरीय ग्राबेल लगायतका धेरै कामहरु गर्नुपर्ने दायित्व थियो । नगरको यथार्थ स्थिति के हो र हाम्रो अवस्था बारे नगर प्रोफाइल र सामाजिक सुरक्षा भत्ता पारदर्शी बनाउन बैंकबाट वितरण गर्नुपर्ने, राजश्व संकलन हातले बिल काटेर होइन, कम्प्युटराइज सिस्टमबाट बिलहरु काट्नुपर्ने लगायत धेरै कामहरु हामीले गर्नुपर्ने जिम्मेवारीबाट शुरुवात गर्दै हाल आएर हामीले धेरै कामहरु सम्पन्न गरेका छौँ ।

**<u>राप्ती नगरपालिकाको संक्षिप्त परिचय</u>**

चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित राप्ती नगरपालिका साविकका विरेन्द्रनगर, पिप्ले, भण्डारा, लोथर र कोराक गा.बि.स.को संयोजनबाट बनेको छ । कुल क्षेत्रफल २१२.३ वर्ग कि.मि.रहेको यस नगरपालिकाको पूर्वी सिमाना मकवानपुर जिल्लाको मनहरी गाउँपालिका,पश्चिममा चितवन जिल्लाको खैरहनी नगरपालिका,उत्तरमा धादिङ जिल्लाको बेनिघाटरोराङ गाउँपालिका र चितवन जिल्लाको कालिका नगरपालिका  दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछ ।नगर पाश्र्वचित्र २०७५ अनुसार कुल जनसंख्या ६४८२० मध्य महिला  ३१२७८ (४८.२५ प्रतिशत) र पुरुष ३३५४२ (५१.७५ प्रतिशत) रहेको छ । समग्र चितवन जिल्ला जस्तै यस नगरपालिका देशको बिभिन्न भूभागबाट बसाइसराई आउने समुदायहरु, थारु, चेपाङ्ग, र दरै जस्ता आदिवासी समुदायहरुको बसोबासले वहुधर्म, वहुसस्कृति, वहुभाषाको संगम थलोको रुपमा रहेको छ । जम्मा १३ वडामा बिभाजित यस नगरपालिकाको वडा नं १ देखि ९ सम्म बिभिन्न जातजातीको बसोबास रहेको छ भने वडा नं १० देखि १३ सम्म तामाङ र आदिवासी तथा सीमान्तकृत चेपाङ जातिको बसोबास रहेको छ । २ वटा क्याम्पस, ४९ सामुदायिक र १० संस्थागत  गरी जम्मा ५९ वटा

विद्यालय, १ अस्पताल, ५ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभूत स्वास्थ्य केन्द्र, एउटा सामुदायिक स्वास्थ्य एकाइ गरी १४ वटा सरकारी स्वास्थ्य संस्थाहरु, ६ वटा दुग्ध उत्पादक सहकारी संस्था, ४ वटा साना किसान कृषि सहकारी संस्था, २४ वटा वचत तथा ऋण सहकारी संस्था, २५ वटा सामुदायिक वन उपभोक्त समूह, २ वटा मध्यवर्ती सामुदायिक वन समितिका साथै बिभिन्न उद्योग कलकारखाना जस्ता सरकारी, सामुदायिक तथा नीजि संरचना रहेका छन् । विषम हावापानी,फरक धर्म संस्कृति, विभिन्न मनोरम पर्यटकीय स्थलहरु , वन तथा मध्यवर्ती क्षेत्र प्रकृतिको अनुपम उपहारका रुपमा रहेका छन् । वडा नं १ मा पर्ने परेवाकोट, वडा नं ४ मा हरियाली इको पार्क, वडा नं ५ को नागदह, वडा नं ६को जे.पी.भेटवाल पार्क, भसमाडी गैडाढाप ताल, वडा नं ७ को साँस्कृतिक संग्राहलय, वडा नं ८ को रातो माटे डाडा फनपार्क, वडा नं ९ को पानीसराढाप, पिपुल्स पार्क, कमिनचुली, गुफा विशेष सम्भावना बोकेका पर्यटकीय स्थलहरु हुन् ।वडा नं १ देखि ९ सम्मका समथर भूमिमा धान,मकै,गहु,दलहन,तोरी जस्ता खाद्यान्न वालीहरुको प्रचुर उत्पादन तथा वडा नं १० देखि १३ सम्मको पहाडी भागमा पर्ने वडाहरुमा मकै, कोदो जस्ता खाद्यान्न वालीको साथै पशुपालनलाई प्रमुख कृषि पेशाको रुपमा अंगालेको पाइन्छ ।व्याबसायिक रुपमा तरकारी खेती, गाई तथा भैसि पालन, बंगुरपालन, कुखुरापालन, हाँसपालन, मौरीपालन र माछापालन प्रमुख आयआर्जनका श्रोतहरु रहेका छन । तरकारी र दुधमा आत्मनिर्भरता तर्फ अगाडी बढेको यस नगरपालिका अर्गानिक तरकारी खेतीलाई पश्रय दिई विषादियुक्त तरकारी उत्पादनलाई पूर्णरुपमा विस्थापन गर्ने अभियानमा रहेको छ ।नगरवासीहरुको प्रमुख पेशा कृषि रहेकोले यस क्षेत्रको विकास नै समुन्नतीको आधार हो । दशकौं देखि पछाडी परेको चेपाङ समुदायलाई आर्थिक सामाजिक विकासमा सरिक गराउन पहाडका वडालाई नगरको अन्य वडाहरुको अनुपातमा पुर्याउने,लोथर, पूर्वी राप्ती नदी, पम्फा खोला तथा अन्य स-साना खहरे खोलाले वर्षामा गर्ने कटान तथा डुवानको नियन्त्रण,ऐलानी जग्गामा बसोवास गरिरहेका र सुकुम्वासीहरुलाई वैज्ञानिक रुपमा जग्गा व्यवस्थापन,पहाडका भिराला वस्तिहरुमा रहेका परिवारको जोखिम व्यवस्थापन जस्ता चुनौतीहरुलाई अवसरका रुपमा लिदै योजनाबद्ध विकास प्रक्रियाको माध्यमबाट केन्द्र तथा प्रदेश सरकारको सहयोगमा समाधान गर्ने दिशा तर्फ नगर सरकार अगाडी वढिरहेको छ ।

माननीय सदस्यहरु,

अव म राप्ती नगरपालिकाबाट बिगत र चालु आ.ब. २०७७।७८ का नीति तथा कार्यक्रममा भएका केही महत्वपुर्ण उपलब्धीहरु संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

- नगरपालिकाको कार्यालय भवनको पहिलो चरणको काम सम्पन्न भई आफ्नै भवनबाट सेवा प्रवाह शुरु गरि सकिएको छ र दोस्रो चरणको काम द्रुतरुपमा भइ ठेक्का सम्झौता बमोजिमको कार्य सम्पन्न हुने अवस्थामा पुगेको छ ।

- अधिकांश वडा कार्यालयहरु निर्माण सम्पन्न हुने अवस्थामा पुगेका छन् र केहि वडा कार्यालय निर्माणकै चरणमा रहेका छन् ।
- नगरका सवै ठाउँमा बाटो पुगेको छ ।तलको भुभाग १ देखि ९ सम्म ढलान, पिच उच्च स्तरिय ग्राबेल र फास्ट ट्र्याक खुलेको छ ।
- सडक निर्माणतर्फ हालसम्म २१.०७ किलोमिटर, उच्चस्तरीय ग्राभेलतर्फ १५१.२१ किलोमिटर, नयाँ ट्र्याक खोल्ने तर्फ १२७.१७ किलोमिटर, मोटरेबल पुल/कल्भर्ट समेत २३ वटा निर्माण भएको छ ।
- त्यस्तै पार्क ४ वटा, खानेपानी योजना ८ वटा, ढल तथा नाला ४९ वटा, नदी नियन्त्रण ७.१७ किलोमिटर, सिँचाइ २.५१ किलोमिटर, विद्यालय भौतिक तथा शैक्षिक पूर्वाधार ५० वटा, यात्रु प्रतिक्षालय ६ वटा, सामुदायिक भवन निर्माण एवम् स्तरोन्नति ९९ वटा, मठमन्दिर, चर्च, गुम्बा लगायतका २० अटा संरचना निर्माण तथा मर्मत भएका छन् ।
- राप्ती नगरपालिकाका सबै वडाहरुमा अनलाईन मार्फत राजश्व संकलनको दायरा बिस्तार गरिएको छ ।
- राप्ती नगरपालिका जनशक्ति व्यवस्थापन (वडा सचिव ) सँगै ११ वटा वडामा तत्काल अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता भएको छ र बाँकी वडाहरुमा पनि विस्तारको काम चलिरहेको छ ।
- आ.व. २०७७।०७८ मा नगर तथा वडाका विभिन्न योजना तथा कार्यक्रममा वितरण गरिएको बजेटको करिव ८५ प्रतिशत कार्य सम्पन्न भएको छ ।
- भूकम्प पूनर्निमाणतर्फ राप्ती नगरपालिकामा २२०० लाभग्राही रहेकोमा २१४२ जनाले प्रथम किस्ता, १९४५ जनाले दोस्रो किस्ता र १७३७ जनाले तेस्रो किस्ताबापतको रकम लिइसकेको र भूकम्पले घर भत्किइ छुट भएका २२६० जनाको गुनासो सम्बन्धित निकायमा पठाइसकिएको छ । आंशिक क्षतितर्फ २०५ जना लाभग्राहीको सूचीकरण भएकोमा १०६ जना लाभग्राही पूर्ण क्षतितर्फ परिवर्तन भएर आएको, १९४ जनाले प्रथम किस्ता लिएको, ५ जनाले घर प्रबलीकरण गरी अन्तिम किस्ता लिएको र ५ जना लाभग्राही आंशिक क्षतिबाट पूर्ण क्षतिमा परिवर्तन गर्नको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाइएको छ ।
- सामाजिक सुरक्षा लाभग्राहीमा समावेश हुनका लागि आ.व. २०७७।७८ मा ३० जनालाई जेष्ठ नागरिक परिचय पत्र, १२ जनालाई "क" वर्ग अर्थात् पूर्ण अशक्त, ३० जनालाई "ख" वर्ग अर्थात् अति अशक्त, ८ जनालाई "ग" वर्ग अर्थात् मध्यम अशक्त र २ जनालाई "घ" वर्ग अर्थात् सामान्य अशक्तको अपाङ्गता परिचयपत्र वितरण गरी सामाजिक सुरक्षा प्राप्त गर्ने आधार तयार गरिएको छ ।
- नगरले आफ्नै एम्बुलेन्स सञ्चालनमा ल्याई सुलभ दरमा सेवा प्रदान गरेको छ ।
- २० बेडको अक्सिजन सहितको कोभिड १९ आइसोलेसन सञ्चालनमा ल्याइएको र १० बेडको नगर अस्पताल सञ्चालनमा रहेको ।
- ३०० एम ए को एक्स रे मेसिन जडान र ल्याबमा ह्येमाटोलोजी मेसिन जडान गरिएको छ ।
- कोराकमा बर्थिङ सेन्टरको स्थापना गरिएको छ र सबै बर्थिङ सेन्टरमा आवश्यक उपकरण खरिद गरि सञ्चालनमा रहेको छ ।

- कोराक र वासवाङमा सोलार र फ्रिज जडान गरिएको छ । साथै विरेन्द्रनगर स्वास्थ्य चौकीमा ल्याब तथा Microscopy Center स्थापना गरिएको छ ।
- राप्तीमा स्पर निमार्ण,राप्ती नगरपालिकामा तटवन्धकुलो, जलाधार संरक्षण र कुलो निर्माण गर्ने काम भएको छ ।
- किसानलाइ अनुदानमा स्यालो ट्युबवेल, च्यापकटर, ब्रसकटर, मिल्कएनलाइजर, स्प्रे, भकारो सुधारका कार्यक्रम दिइएको छ ।
- हाल सम्म ९१ वटा कार्यपालिका वैठक बसेको छ ।
- हाल ७२८ वटा प्रस्ताव माथि छलफल गरि लगभग ९५ प्रतिशत  निर्णयलाइ कार्यान्वयन गरिएको छ ।
- वालबालिका भोलिका दक्ष जनशक्ति भएको हुदा गुणस्तरिय शिक्षा प्रदानका लागि शैक्षिक क्रियाकलापलाई व्यवस्थित बनाउन पहल गरिएको छ साथै कोभिड महामारीका बिचमा बैकल्पिक सिकाई अभ्यासलाई प्रबर्द्धन गरिएको छ ।
- कृषि र पशु स्वास्थ्य आर्थिक उत्पादनको मुख्य आधार भएको हुदा बढि भन्दा बढि कृषि र पशु स्वास्थ्यमा आवद्ध किसानलाई सेवा दिन अनुदान मुलक कार्यक्रमहरु र विभिन्न दाना उधोग सैलेस उधोग निर्माण गरिएको छ ।
- मिल्क होलिडेका कारणले दुध उत्पादन कृषकहरुको दुध बिक्री नहुने समस्यालाई न्यूनीकरण गर्न नगरमा रहेको छ वटा दुध उपभोक्ता सहकारी संस्था लिमिटेडहरुलाई प्रति घण्टा ५५० लिटर क्षमताको क्रिम सेपरेटर मेसिनको वितरण गरिएको छ ।
- पशुपालक कृषकहरुलाई १४६ थान काउम्याट वितरण गरिएको छ।
- २५ थान च्यापकटर ५० प्रतिशत अनुदानमा वितरण गरेको जसले गर्दा पशु चाहरा खपतमा कमी आई पशुपालक कृषकलाई समयमा बचत र घाँसमा बचत भएको छ ।
- श्रावण महिनामा अचानक गाईमा देखा परेको लम्की स्किन रोगको समयमै रोकथाम गरिएको ।
- समूहमार्फत् बाख्राहरुमा नश्ल सुधार गर्न ९२ प्रतिशतको पाँचवटा बयर बोका वितरण गरिएको छ ।
- पशुपन्छी विकास शाखामा पशुको गोबर परीक्षण गरी रोग निदान भएका पशु वस्तुलाई निःशुल्क उपचार गर्ने गरिएको छ ।
- १४ हजारभन्दा बढी गाई, भैँसी, बाख्रामा कृत्रिम गर्भाधारण गराएको छ ।
- ८० प्रतिशत अनुदानमा ६ वटा ब्रस कटर वितरण गरिएको छ ।

- ५० प्रतिशत अनुदानमा मिल्किङ मेसिन एक थान वितरण गरिएको छ ।
- हिउँदे र वर्षे घाँसका बिउ, बेर्नाहरु वितरण गरिएको छ।
- बाख्राको पी.पी.आर. र गाईभैँसीको खोरेत रोगको १८ हजारभन्दा बढी पशुमा खोप लगाइएको छ ।
- सहकारी संस्था, निजि एग्रो भेट लगायत २५ वटा संस्थाहरबाट अनुदानको मल बितरण गर्न अनुमति प्रदान गरिएको छ ।
- ८० प्रतिशत अनुदानमा ७० भन्दा बढि स्यालो वोरिड. जडान गरिएको छ ।
- ८० प्रतिशत अनुदानमा डिप बोरिङ १ गाड्ने कार्य गरिएको छ ।
- कागती खेती गर्ने यूवाहरलाई ५ हजार प्रति कठ्का दरले अनुदान प्रदान गरेको ।
- नगरको ६ स्थानमा अर्गानिक खेती प्रणाली गर्न १६ हप्ते तालिम सम्पन्न गरेको ।
- १२५ जना अगुवा कृषहरुलाई १ दिने बाली संरक्षण तालिम दिएको ।
- ८० प्रतिशतमा ८६ थान भन्दा बढि स्प्रे पम्पहरु बितरण गरिएको छ ।
- महिला समुह मार्फत आयआर्जनका लागि च्याउ खेतीमा अनुदान दिइएको छ ।
- समुह मार्फत २३ सय वोट ड्रयागन फ्रुटका बिरुवाहरु बितरण गरिएको छ ।
- सम्भावित पर्यटकिय स्थलहरुको पहिचान गरि प्रत्येक वडामा पर्यटकिय स्थलहरुको स्थापना गरिएको छ । क्रमश ती पर्यटकिय स्थलहरु परेवाकोट, इकोपार्क, नागदह, वाघदेवी सांस्कृतिक सङ्ग्राहलय, रातोमाटो फर्नपार्क र पिपुलसपार्कलाई गौरवको योजनाको रुपमा अघाडि बढाइदै छ ।
- साझेदारीमा विकास गर्ने हेतुले संघ, प्रदेश, जि.स.स र विभिन्न संघ संस्था सँग समन्वय गरि काम अगाडि बढाइएको छ ।
- तरकारी खाद्यान्न दुध तथा दुधजन्य पदार्थ माछा मासुमा राप्ती नगरपालिका आत्मनिर्भर भएको छ ।
- विभिन्न समयमा आएको हावाहुरी तथा असिनाले विपन्न परिवारका घर पूर्ण क्षति पुन्याइएकोमा आफुले निर्माण वा मर्मत गर्न नसक्ने अवस्थाका घरपरिवारलाई जस्तापाता वितरण गरिएको छ ।
- राप्ती नगरपालिकाले स्वीस सरकारसँग समन्वय गरी राप्ती नदीमा नयाँ स्पर निर्माण, स्पर मर्मत, तटबन्धन र अरु खोलाहरु लोथर, मार्तल, ढुङ्ग्रे, पम्फा, सुख्खा खोला लगायतका खोलानालामा तटबन्धन गरिएको छ । त्यस्तै कुलोहरु किसानको सिँचाइ गर्न कूलो निर्माण, चेक ड्याम निर्माण, जलाधार संरक्षण गरी विभिन्न ठाउँमा वृक्षारोपण सहित पोखरी निर्माण गरिएको छ । राप्ती नगरपालिकाको वडा नं. १ देखि ९ सम्म विद्युत विस्तार भइसकेको छ । वडा नं. १० देखि १३ विस्तार हुँदै गएको छ ।
- लघु उद्यम सम्बन्धी तालिम ४५०० जना जतिलाई दिइएको छ ।

- प्रदेश सरकारसँग समन्वय गरेर दाना उद्योग सञ्चालनमा आइसकेको र चकलेट उद्योग निर्माणको लागि सम्झौता भइसकेको छ ।
- राप्ती नगरपालिकाको एकमात्र सरकारी अस्पताल भण्डारा अस्पतालको २४ घण्टे सेवा सञ्चालनमा ल्याइएको छ र भवन निर्माणको कार्य शिलान्यास भइसकेको साथै ठेक्का समेत खोलिएको र सो को सम्झौताको चरणमा रहेको छ ।
- राप्ती नगरपालिकाको गौरबको रुपमा रहेको नगरसभा बैठक हल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- स्वास्थ चौकीहरुको निर्माण तथा मर्मत गरी स्वास्थ्य कर्मीहरुलाई निर्भय रुपमा सेवा गर्न सक्ने अवस्थाको सृजना भइरहेको छ । साथै स्वास्थ्य  सेवा नपाएका १,३,४,६,७,८ र ११ का लागि स्वास्थ्य सेवा दिने योजनाका साथ प्रत्येक वडामा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गरिएको छ ।
- सवै वडा कार्यालयहरुमा वाइफाइ जडान गरी सेवालाई प्रविधिमैत्री बनाउने कोशिस गरिएको छ ।
- फोहोर व्यवस्थापन एक जटिल तथा चुनौतीपूर्ण कार्य भएको र यसलाई बहुपक्षबाट विश्लेषण गरी मोहोर कमाउने श्रोतको रुपमा फोहोरबाट अर्गानिक मलको व्यवस्थापन गर्न जापानिज कम्पनीसँग गरिएको सम्झौता बमोजिम कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गर्ने कार्यको शुरुवात गरिएको छ ।
- नगरवासीलाई स्वच्छ पिउनेपानी उपलब्ध गराउने हेतुले पाइप, धारा तथा मोटरको को वितरण गरिएको छ ।
- विभिन्न सिचाई कुलोहरुको निर्माण तथा मर्मत गरी सञ्चालनमा ल्याई कृषकलाई राहत पुर्याइएको छ ।
- विपन्न गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषणयुक्त आहारका लागि सहयोग प्रदान गरिएको छ ।
- किसानको लागि पशुआहार बनाउन अति आवश्यक सैलेस मेसिन जडानको लागि संरचना निर्माणगरिएको छ ।
- कम विषादीयुक्त तरकारी खेती सम्बन्धी तालिम सञ्चालन गरी विषादी युक्त तरकारीको उत्पादनलाई कम गर्दै भविष्यमा कम बिषादी प्रयोग गरि अर्गानिक तरकारी, फलफुल र अन्नबालि उत्पादनमा जोड दिने  लक्ष्य लिएको छ ।
- आधारभूत शिक्षाको माथिल्लो तह कक्षा ८ को परिक्षालाई गुणस्तरीय बनाउन परिक्षणको रुपमा फरक विद्यालयका शिक्षकलाई खटाई विद्यार्थीहरुको स्तर मापन गर्ने परिपाटीको विकास गरिएको छ ।
- आवश्यकता बमोजिम विद्यालयहरुको स्तर वृद्घि, शौचालय र थप कक्षाकोठा निर्माण कार्य सम्पन्न भएको छ ।
- सामाजिक सुरक्षा भत्ताको लागि योग्य भएका थप व्यक्तिहरुको परिचय पत्र तथा पाइरहेकाहरुको Online Vital Registration नवीकरण गरी समयमै भत्ता रकम मागगरी वैंकमा पठाउने गरिएको

छ । वैंकबाट भौगोलिक दुरी टाढा हुनेहरुको लागि Virtual Banking सुविधा पुर्‍याउन वैंकहरु संग अनुरोध गरिएको छ ।

- ✶ आर्थिक रुपमा अति कमजोर रहेका विपन्न तथा असहाय वर्गहरुबाट आर्थिक सहायता माग भई आएमा वास्ताविकता पहिचान गरी उपचार तथा काजक्रिया गर्न आर्थिक सहयोग प्रदान गरिएको छ ।
- ✶ राप्ती नगरपालिकामा स्थायी रुपमा बसोवास गरेका केही वडाका अति विपन्न दुई घरपरिवारलाई घर निर्माण गरी हस्तान्तरण गर्ने कार्य अघाडि बढिरहेको छ ।
- ✶ नगरका गहनाका रुपमा रहेका जेष्ठ नागरिकको सम्मान तथा शारिरिक रुपले फरकपन भएका व्यक्तिहरुकोलागि सीपमुलक तथा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिएको छ।
- ✶ महिलाको क्षमता विकास तथा आयआर्जन गरी आत्मनिर्भरता तर्फ अग्रसर बनाउन विभिन्न चेतनामूलक तथा सीपमुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- ✶ जनता आवास कार्यक्रम अन्तर्गत दलित एवम् सीमान्तकृत अति विपन्न समुदायका २६ जना लाभग्राहीहरुलाई घर निर्माणको सम्झौता कार्य अघि बढाइएको छ ।
- ✶ खरको छाना विस्थापन गर्ने उद्देश्यले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत ३६८ लाभग्राही र २८ जना वैकल्पिक लाभग्राही छनौट भई निर्माण कार्यको सम्झौता प्रक्रिया अगाडी बढाइएको छ ।
- ✶ भूकम्प पूनर्निमाण कार्यलाई अघि बढाउने क्रममा १३ जनालाई जोखिमयुक्त ठाउँबाट अन्यत्र सारी लालपूर्जा वितरण गरिएको ।
- ✶ स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान अनुसार राप्ती नगरपालिकाको क्रियाकलापलाई व्यवस्थित र सुदृढ बनाउनका लागि ८ वटा ऐन, ५ वटा नियमावली, एउटा विधेयक र ३० वटा कार्यविधिहरु निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।
- ✶ १०० बर्षमाथिका वृद्धवृद्धालाई घरघरमा गएर अभिनन्दन गर्ने कार्य गरिएको छ ।
- ✶ विभिन्न दिवस तथा समारोह मनाउने गरिएको छ ।
- ✶ पूर्ण अपाङ्ग भएका परिवारलाई भेटघाट कार्यक्रम गरिएको छ ।

**माननीय सदस्यहरु,**

बिकास निर्माण गतिबिधिलाई तिव्रता दिने समयमा कोभिड १९ को महामारीसँग जुझ्नुपर्दा विकास प्रयासमा पक्कै पनि गतिरोध उत्पन्न भएको छ, फलतः चालु आ.ब. मा नीति तथा कार्यक्रममा समावेश भएका कतिपय कार्यक्रम तथा भौतिक पूर्वाधार निर्माणमा आशातित उपलब्धि हासिल गर्न नसकिएको यथार्थ घाम जस्तै छर्लङ्गै छ । यसै सन्दर्भमा राप्ती नगरपालिकाले सामना गर्नु परेका चुनौतीहरु निम्न छन्ः

- विश्वभर माहामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ ले संक्रमितहरुको संख्या दिनानुदिन बढ्दै गएकोले नगरवासीलाई यसबाट सुरक्षित राख्दै समृद्घ नगर र सुखि नगरवासीको सपना साकार बनाउने दिसामा अगाडी बढ्ने बिषय ।
- भूमिहिन तथा ऐलानी जग्गामा वसोवास गर्ने नगरवासीहरुलाई मापदण्ड बनाई भूमिको मालिक बनाउनु पर्ने विषय ।

- नगरभित्र उत्सर्जन हुने फोहोरलाई वैज्ञानिक विधिबाट अर्गानिक मलमा परिणत गरी नगरलाई स्वस्थ र स्वच्छ सहरमा परिणत गर्ने बिषय ।
- चेपाङ समुदायका वालवालिकालाई विद्यालयमा टिकाई राख्न नसकिएको समस्याको  विषय
- सरकारी विद्यालयहरुको क्षमता विकास र विषय शिक्षकद्वारा अध्यापन गराउने बिषय
- **योजनाको प्राथमिकीकरण गरी टुक्रे योजनाहरुलाई निरुत्साहित गर्ने विषय,**
- सबै नगरवासीमा सामान्य स्वास्थ्य सुबिधा पुऱ्याउने विषय
- सवै वडामा वैंकिङ्ग सुविधा पुऱ्याउने विषय
- राजश्व संकलनमा एकरुपता नहुनु रसवै क्षेत्र र पेशालाई करको दायरामा ल्याउने विषय
- कागजविहीन प्रविधियुक्त नगरपालिका बनाउने विषय
- उपभोक्ता समितिबाट सम्पादन गरिने योजनामा परिमाण, गुणोस्तर र लागत सहभागिताको बिषय
- चेतना अभिवृद्धिका कार्यक्रमहरु राखे पनि चेतना अभिवृद्धिमा सुधार नभएको ।
- खासै जनताको जीवनस्तरमा भूमिका नखेल्ने टुक्रे योजनाहरु कटौतीको विषय
- योजनाबद्घ विकासको विषय
- विकट भौगोलिक अवस्थाका पहाडमा डाँडाकाँडाका कारण पहिरो र तल खोलानाला डुबान र बाढी,
- जनताको आयस्तर बढाउने र स्वरोजगार सृजना गर्ने कार्यक्रमलाई प्राथमिकता दिने बिषय
- शैक्षिक गुणोस्तर वृद्धि र प्राथमिक शिक्षकलाई अपग्रेड गरी माथिल्लो तहमा अध्यायपन गराउने बिषय
- सीमित श्रोत साधनले  नगरको वडा नं १० ,११ ,१२ र १३ मा शुद्ध पिउने पानी, विद्युत, टेलिफोन तथा यातायातको पहुचको विषय
- पिछडिएको समुदायमा वाल विवाह,वहुविवाह, परिवार व्यवस्थापन र योजना बारे चेतना अभिवृद्घि
- जलाधार संरक्षण तथा तटबन्धनको विषय,
- नगरवासीको पर्याप्त स्वास्थ्य सुविधामा पहुँच पुऱ्याउन सवै स्वास्थ्य चौकीहरुमा समयमै गुणस्तरीय औषधी तथा आधारभूत सामाग्रीको व्यवस्था, पहाडी भेगमा स्वास्थ्य कर्मीहरुलाई निर्भयका साथ रहन बस्न व्यवस्थित आवास तयार गर्न स्वास्थ्य चौकीहरुको निर्माण,
- स्वास्थ्य चौकी, विद्यालय तथा वडा कार्यालय सम्म बाह्रैमास अवरोध नहुने सडकको विस्तार,
- नगर दररेट निर्धारण गर्दा जिल्ला दररेटलाई समेत आधार लिइने र जिल्ला दररेट सामान्य तया भाद्रमा निर्धारण गरिने हुदाँ करिव आश्विनमा मात्र ल.इ.गर्नुपर्ने अवस्थाले योजनाको कार्य दुई महिना पछाडी जाने विषय
- कृषि उत्पादनमा वृद्घि गरी किसानको आयस्तर बढाउन उत्पादित वस्तुको उचित मूल्य, खपतको ग्यारेण्टी, उचित भण्डारण तथा कृषि विमाको व्यवस्था
- राप्ती नगरपालिका वडा नं १० ११ १२ र १३ मा चेतनाको कमिले अझै पनि बालविवाहको समस्या, बहुविवाह, अखाद्य बस्तुको सेवन जस्ता विषयले समस्या पारेको अवस्था
- भौगोलिक हिसाबले विकट र उत्पादन प्रशस्त मात्रामा नहुँदा खाद्यान्न अभावको समस्या ।
- किसानहरुले उत्पादन गरेको उपजको उचित मूल्य नहुँदा कृषकहरु निरुत्साहित भएको अवस्था ।

- प्रशस्त मात्रामा उद्योग कलकारखाना नहुँदा बेरोजगारिको समस्या ।
- अझै पनि सामाजिक कुरिति, कुसंस्कार र चेतनाको कमिले नगरबासीलाई सामाजिक रुपबाट पुर्ण सचेत वनाउन नसकेको अवस्था ।

**माननीय सदस्यहरु**

महामारीको रुपमा फैलिएको कोभिड १९ ( कोरोना भाईरस) ले आगामि दिनमा आम नागरिकको जिवन निर्वाहमा समेत थप कठिनाई ल्याउन सक्ने देखिन्छ ।यस घडीमा राप्ती नगरपालिकाले तय गर्ने नीतिगत बाटो स्वस्थ जिवन निर्माण र उत्पादनशील क्षेत्रतर्फ बढी प्राथमिकता दिनुपर्ने देखिन्छ । आगामी आर्थिक बर्षमा धेरैजसो लगानी यसैतर्फ प्रवाह गर्नुपर्ने अवस्थामा राप्ती नगरपालिका रहेको छ ।

आ.व.२०७८।२०७९ मा गरिने कार्यक्रमहरुलाई वुँदागत रुपमा राख्रे अनुमति चाहन्छु ।

- राप्ती नगरपालिकामा रहेको ऐलानी जग्गामा वसोवास, अव्यवस्थित वसोवास तथा भूमिहिन सुकुम्वासी समस्यालाई सुकुमवासी समस्या समाधान आयोग संगको समन्वयमा समाधान गर्ने प्रक्रिया अगाडी बढाईने छ ।
- नगरमा सञ्चालन हुने योजनाहरुमा गुणस्तर वृद्घि तथा समयमा सम्पन्न गर्न प्राप्त भएको बजेटको ढिलोमा भाद्र मसान्त सम्म नक्सा डिजाइन, ल.ई. तयार गरी उपभोक्ता समिति संग सम्झौता वा वोलपत्र आह्वान गरिने छ । यसको लागि हाल नगर दररेट आषढ भित्रै निर्धारण गर्न ऐनमा व्यवस्था भएकोले सोहि अवधि भित्र नै दररेट निर्धारणको लागि प्रमुख जिल्ला अधिकारी संग अनुरोध गरिने छ ।
- दुई वर्ष भित्र थप ७ स्वास्थ्य चौकीहरुको निर्माण कार्य सम्पन्न गरी नगरवासीहरुको स्वास्थ्य सुबिधाको पहुचमा गुणात्मक वृद्घि गरिने छ । यसै वर्ष देखिनै यस कार्यको सुरुवात भैसकेको छ ।
- पहाडका वडाहरु १० ११ १२ र १३ मा खोपलाई थप विश्वसनिय बनाउन कोल्डचेन सेन्टर निर्माण तथा व्यवस्थापन गरिने छ ।
- "**हाम्रो हर्ष, अधुरा काम पूरा गर्ने वर्ष**" भन्ने नाराका साथ यस अघि सुरु भएका सबै अधुरा निर्माण कार्यहरु सकेसम्म पूरा गर्ने नीति लिइएको छ ।
- आयुर्वेदिक स्वास्थ्य सेवालाई अझै प्रभावकारी बनाउन आयुर्वेदिक औषधालय निर्माण गरिने छ ।
- कृषि क्षेत्रमा आधुनिकीकरण तथा व्यवसायीकरणका लागि ठोस कार्यक्रम अघि सारिनेछ । बाँझो जग्गा राख्रे प्रवृत्ति लाई निरुत्साहित गर्दै लगिने छ ।
- अर्गानिक तथा प्राकृतिक मल र विषादिलाई कृषिमा प्रोत्साहन दिँदै यस क्षेत्रमा थप विविधिकरणका लागि निजी तथा सहकारी क्षेत्रहरुसंग आवश्यक समन्वय गरिनेछ ।

- यस नगरमा आकर्षक पर्यटकिय क्षेत्रका रुपमा रहेका परेवाकोट, कमिनचुली, पानिसराढाप,जे पि भेटवाल पार्क, इको पार्क, रातामाटे फनपार्क, साँस्कृतिक संग्रहालय लगायतका क्षेत्रहरुलाइ थप व्यवस्थित बनाउन नयाँ ट्र्याक खोल्ने तथा हाल संचालनमा रहेका सडकहरुको स्तरोन्नती गरिने छ । पर्यटन क्षेत्रलाइ राप्ती नगरको विकासको आधारको रुपमा व्यवस्थित गरिनेछ ।
- नगरको आन्तरिक श्रोत वृद्धिका लागि राजश्वका थप क्षेत्रहरु पहिचान गरि दायरा विस्तार गरिनेछ ।
- दिगो यातायत पूर्वाधारको विकासका लागि पिच तथा ढलान बाटो निर्माणलाइ प्राथमिकता दिइनेछ ।
- नगरको प्राथमिकता पहिचान गरि उत्पादनशिल क्षेत्रमा लगानी सुनिश्चत गर्न संघ तथा प्रदेश सरकारसंग आवश्यक कार्यगत तथा बजेटगत समन्वय गरिनेछ ।
- नगर तथा वडाहरुबाट प्रदान गरिने सेवाहरुलाइ चुस्त दुरुस्त तथा प्रविधिमैत्री तूल्याइनेछ ।
- नगरपालिका तथा वडाहरुको प्रशासनिक भवन निर्माणका कार्यहरुलाइ निरन्तरता दिइनेछ ।
- नगरमा रहेका सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि गर्न माध्यमिक र आधारभुत तहमा आवश्यक दरबन्दिको व्यवस्था गर्न पहल गरिने छ । शिक्षा क्षेत्रलाइ थप व्यवस्थित बनाउन आवश्यक नियमन तथा समन्वय गरिनेछ ।
- खेलकुद क्षेत्र विकासका लागि खेल मैदानलाइ व्यवस्थित बनाइनेछ, आवश्यक खेलकुद सामाग्री वितरण गरिनेछ ।
- **"युवा उद्यमीलाई राहत, राप्ती नगरपालिकाको साथ"** भन्ने नारालाई मूर्त रुप दिन रोजगारमूल र उत्पादनमूलक कार्यक्रममा बजेट छुट्याइएको छ ।
- नगरपालिका भित्रका सबै खोला नदीनालामा पक्कि तटबन्ध गर्न सबै निकायसंग समन्वय गरिनेछ ।
- नगरपालिका भित्र निर्माण भइरहेका सबै पर्यटकिय क्षेत्रहरुलाई दिगो आम्दानी दिने क्षेत्रको रुपमा विकास गर्न आवश्यक कार्यहरु गरिने छ ।
- नगरपालिकाका हरेक क्षेत्रलाई उत्पादन , रोजगारी र आम्दानीसँग जोडेर लगिने छ ।
- १०० बर्ष पुरा गरेका बुवाआमालाई अभिनन्दन र पुर्ण अपाङ्ग परिवार प्रोत्साहन तथा भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- "**राप्ती नगरपालिकाको संस्कार, २० वर्ष उमेर पुगेपछि निरन्तर अध्ययन गर्ने चेपाङ छोरीलाई पुरस्कार**" भन्ने नारालाई आत्मसात गरी सीमान्तकृत चेपाङ समुदायका छोरीहरुलाई बीचमै पढाइ छोड्ने अवस्था नरहोस् र बालविवाह हुन नपाओस् भनी २० वर्ष पश्चात पनि विवाह नगरी अध्ययन गरिरहने चेपाङ छोरीहरुलाई पुरस्कृत गर्ने नीति लिइएको छ ।
- रोजगारी श्रृजना हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठूला र मेसिनरी औजार प्रयोग हुने २० लाख भन्दा माथिका सडक आयोजना बोलपत्र मार्फत कार्यान्वयनमा ल्याइने छ ।
- निर्माण कार्य गुणस्तरियताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परिक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

- गरिब तथा विपन्न, उत्पिडीत, सुकुम्बासी र चेपाङ दिदीबअहिनिहरुलाई सुत्केरी हुन अस्पताल जाँदा ५० प्रतिशत एम्बुलेन्स खर्चमा छुट दिइने छ ।
- विपन्नलाई घर कार्यक्रमबाट खर र भ्याक्सि भएका घरहरुलाई विस्थापित गर्दै लगिने छ ।
- यस नगरभित्र कृषि र पशुपालनलाई रोजगारिमुलक, उत्पादनमुलक, सामुहिक र संस्थागत साझेदारीमा संचालन गर्न योजना बनाइने छ ।
- व्यावसायिक रुपमा बाख्रा पालन गर्ने किसानहरुको लागि अनुदानको कार्यक्रम ल्याइनेछ ।
- एक वडा एक टोल नमुना कार्यक्रमलाई अझ प्रभावकारी बनाइ निरन्तरता दिइने छ ।
- "**हामी गर्छौं हाम्रो काम युवा स्वरोजगार कार्यक्रम**"लाई अगाडि बढाइने छ ।
- समाजलाई नैतिकवान, विधिको शासनको पालना गर्ने एवम् सामाजिक विसंगतिलाई रोक्नको लागि सामाजिक सुधार सम्बन्धी विषयमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी, सुदृढ र व्यवस्थित बनाउन स्वास्थ्य संस्थामा जनशक्ति, उपकरण तथा औषधीको अवस्था सुनिश्चित गरिनेछ ।
- आयुर्वेद शाखालाई वैकल्पिक चिकित्सा सेवा, पञ्चकर्म तथा योग सेवा सहित सुदृढीकरण गरिनेछ ।प्राकृतिक एवम् वैकल्पिक चिकित्सा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ ।
- नगरपालिकामा बसोबास गर्ने सबै नागरिकको खाद्य सुरक्षाको प्रत्याभूति गरिनेछ । "**कोही भोको पर्दैन, भोकले कोही मर्दैन**" भन्ने प्रतिबद्धता पूरा गर्न बहुआयमिक कृषि उत्पादनमा जोड दिँदै नगरपालिका क्षेत्रलाई खाद्यान्नलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ ।
- कृषकको चाहना, वडागत भौगोलिक बनोट र माटोको प्रकृति अनुसार उपयुक्त कृषि बाली र वस्तुको पहिचान गरी विशेष पकेट ब्लकजस्ता कार्यक्रमहरु क्रमशः सम्भाव्य वडाहरुमा सञ्चालनमा ल्याइनेछ ।
- कृषि, पशुपन्छी क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रीकरण र औद्योगिकरण गरी गुणस्तरीय उत्पादनमा जोड दिइनेछ ।
- उत्पादनमा आधारित दुध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न दुध उत्पादनमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- असाहय बुबाआमा र टुहुरा बालबालिका संरक्षणका लागि "**हाम्रा अभिभावक र हाम्रा सन्तानसँग हामी कार्यक्रम**" सञ्चालन गरिनेछ ।
- "**मल र माटोसँग खेल्ने किसानलाई दूधमा अनुदान कार्यक्रम**" लागू गरी नगरपालिकाभित्रका दुध उत्पादक किसानलाई दूधजन्य पदार्थको उत्पादन र बिक्री वितरणमा अनुदानको व्यवस्था गरिनेछ ।
- चेपाङ, दलित, असहाय र अपाङ्गका लागि नगरपालिकाले स्वास्थ्य बिमा गर्ने गरी **"अति विपन्नको लागि बिमा, हाम्रो जिम्मा"** कार्यक्रमलाई अगाडि बढाउने नीति लिइएको छ ।

**माननीय सदस्यहरु**

आ.व.२०७८।२०७९ का लागि विषयगत नीतिहरु

## क.भौतिक पूर्वाधार तथा संरचनात्मक विकास

- स्थानीय पूर्वाधार विकासमा अपरिहार्य सेवाहरु सडक, खानेपानी,साना विधुतिकरण, सहरी विकास, तटवन्धन, फोहोरमैला व्यवस्थापन, सिंचाई लगायतका पूर्वाधार विकास आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।
- स्थानीय लाभदायी समुदायहरुलाई समेत विकास प्रतिको अपनत्व जागृत गराई विकास योजनाको छनौट कार्यन्वयन तथा प्रतिफल समेत जिम्मेवार एवं जवाफदेहि वनाउन नगद लागत सहभागितामा योजना कार्यान्वयन गर्दै लगिने छ ।
- सहभागितामुलक योजना तर्जुमाका आधारमा सामाजिक परिचालन को माध्यमबाट योजना वस्ती स्तरवाट छनौट भई आएका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिईने छ ।
- नगर यातायात गुरुयोजना तयार गरि कार्यन्वयन गरिनेछ ।
- शहरी सुन्दरता र शान्ति सुरक्षालाई कायम राख्न पूर्व पश्चिम राजमार्ग र नगरका प्रमुख सडक चोकहरुमा सौर्य वत्ति,सिसि क्यामारा राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक जग्गा संरक्षण कार्यलाइ निरन्तरता दिईने एंव प्रभावकारी बनाईनेछ । साथै सार्वजनिक जग्गा अतिक्रमणका विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ ।
- घरनक्सा पास प्रणालीमा सुधार गरिनेछ ।अनलाइननक्सा पास प्रणाली अवलम्वन मार्फत सेवा प्रवाहलाई नागरिकको घरदैलोमा पुराउने व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । साथै पूराना नक्सा डिजिटलाइज गर्ने प्रक्रिया आरम्भ गरिनेछ ।
- नगरपालिकाको श्रोत साधनले सम्भव नहुने योजनाहरुलाई सम्वन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरि पठाईनेछ ।
- योजनावद्ध विकास विनाको विकास अन्तत विनास सरह हुने भएकोले मध्य कालिन तथा दीर्घकालिन विकास योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
- सबै वडा कार्यालयहरु आफ्नै भवनबाट सञ्चालन गर्ने ध्ययका साथ आफ्नै भवनमा भएका वडा कार्यालयहरुबाट सेवा प्रवाह चुस्त दुरुस्त बनाउँदै लगिनेछ ।

## ख. शहरी विकास

- राष्ट्रिय भवन संहिता, भवन निर्माण मापदण्ड, बस्ति बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्गदर्शन, २०७२ तथा नगरपालिकाको शहरी विकास योजना तथा भवन निर्माण सम्बन्धी मापदण्डलाई निरन्तरता दिइनेछ ।
- नगर भित्रका पूर्व पश्चिम लोकमार्ग ५० मिटर, नगर यातायात गुरुयोजना अनुसार बर्गिकृत हुने क बर्गका प्रमुख सडकहरु ३० मिटर ख बर्गका मुख्य शाखा सडकहरु २० मिटर ग बर्गका शाखा सडकहरु १० मिटर र अन्य भित्री शाखा सडकहरु ६ मिटर वा नक्सामा नै सो भन्दा बढी भएमा

नक्सा बमोजिम सडक चौडा गर्ने गरि मात्र स्विकृत आयोजनाहरु मर्मत सम्भार र स्तरोन्नती गरिने नीतिलाई निरन्तरता दिइने छ ।

- ✶ नक्सा पास नगरी बनाइएका घरहरु मापदण्ड विपरित भए घर धनिकै खर्चमा भत्काउन लगाइ दण्ड जरिवाना गरी व्यवस्थित शहरी बिकासमा जोड दिने कार्यलाई निरन्तरता दिइने छ ।
- ✶ राप्ती नगरपालिकाको दीर्घकालिन एवं मध्यमकालिन विकास योजना तयार गरिने छ ।
- ✶ नगरपालिका स्थापना हुनु भन्दा अगाबै बनेका घर र संरचनाहरु तोकिएको राजश्व असुल गरी अभिलेखिकरण गरी प्रमाणपत्र दिइनेछ । तर सार्वजनिक जग्गा र सडकमा त्यस्तो घर परेमा कानून बमोजिम दण्डनिय हुनेछ ।
- ✶ भवन निर्माणको नक्सा पास गर्दा घर परिसर भित्र कम्तिमा २ वटा रुख रोप्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- ✶ नगरपालिकालाई हराभरा, वातावरणमैत्री र सुन्दर शहरको रुपमा विकास गर्न भू-उपयोग योजनालाई कार्यान्वयनमा ल्याइनेछ ।
- ✶ राष्ट्रिय मापदण्ड बमोजिम एकिकृत बस्ति विकास सम्बन्धि स्थानिय कार्यविधि तयार गरि छरिएर रहेका बस्तिहरुलाई एकिकृत बस्तिको रुपमा विकास गरिने छ ।
- ✶ जोखिमयुक्त बस्तिमा रहेका समुदायलाई निश्चित मापदण्ड र कार्यविधि बनाई सुरक्षित स्थानमा बस्ति बिकास गरिने छ । यसका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण संग आवश्यक समन्वय गरिने छ ।
- ✶ निश्चित स्थानमा निर्माण गरिने घर संरचनाको डिजाइनमा एकरुपता ल्याउने व्यवस्था मिलाई सुन्दर शहरको बिकास गरिने छ ।
- ✶ राष्ट्रिय तथा स्थानीय मापदण्ड नपुगेका जथाभावि प्लटिङ गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- ✶ शहरी बिकासका लागि सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिने छ ।
- ✶ आकासे पानीलाई सिधै नालिमा नखसाइ आफ्नै जग्गामा Recharge गर्ने नीतिलाई कायमै राखिने छ ।
- ✶ निश्चित धार्मिक साँस्कृतिक क्षेत्रमा प्रचलित परम्परा झल्किने साँस्कृतिक शहरको विकास गरिने छ ।
- ✶ सफा घर, स्वच्छ नगर नारालाई आत्मसात गर्दै टोल विकास संस्थालाई परिचालन गरी सरसफाईका कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- ✶ मेरो फोहोर, मेरो जिम्मेवारी भन्ने भावना हरेक नगरवासीमा जागृत गराउन फोहोरमैला व्यवस्थापन कार्यविधि अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- ✶ अब बनाउने सडक, बाटोहरुमा निम्न अवस्थालाई प्राथमिकता दिइनेछ ।
  - १. दुई वडाका सिमानाको बाटो,
  - २. दायाँबायाँ पिच, ढलान भएको बिच भागमा बाँकी रहेको बाटो,
  - ३. स्वास्थ्य चौकीसम्म जाने बाटो,
  - ४. विद्यालयसम्म जाने बाटो,
  - ५. वडा कार्यालयसम्म जाने बाटो,

६. बस्ती बाक्लो भएका बाटाहरु ।

## ग. उर्जा

- विद्युतको सेवा नपुगेका स्थान एवम् वडाहरुमा क्रमशः विद्युतीकरण गर्दै लगिनेछ । विद्युत नपुगेका यस नगरका वडा १ परेवाकोट, ३ धमिलि,१०, ११, १२ र १३ वडाहरुमा विद्युतको पहुँच पुर्‍याउन विद्युत प्राधिकरणसँग समन्वय गरिने छ ।
- विद्युतको पहुँच पुग्न समय लाग्ने अति ग्रामिण क्षेत्रमा सोलारको व्यवस्था गर्न पहल गरिने छ ।
- विकट ग्रामिण क्षेत्रमा रहेका विद्युतको पहुँच नभएका स्वास्थ्य चौकिहरु, विद्यालय र वडा कार्यालयहरुमा सोलारको व्यवस्था गरि सूचना प्रविधिको पहुँचमा ल्याइने छ ।
- लघु जलविद्युत योजना सम्भाव्यता को अध्ययन गरिने छ ।
- राजमार्गमा सोलार बत्तिको विस्तार गरिने छ ।
- समग्र उर्जा क्षेत्रको विकासको लागि संघ र प्रदेशको सरकारसँग समन्वय गरिने छ ।

## घ. वन तथा वातावरण

- सामुदायिक वन र मध्यवर्ती क्षेत्रको दीगो उपयोग गर्न वन पैदावारलाई उद्यम र आर्थिक विकास संग जोड्न स्थानीय सरकारद्वारा समन्वयात्मक भूमिका खेलिने छ ।
- सामुदायिक तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापन, संचालन गर्नुपर्ने विभिन्न कार्यक्रमहरुमा नगर सरकारले हातेमालो गर्दै जाने छ । सामुदायिक बनहरुले विक्रि वितरण गर्ने काठ, जडिबुटि, बन पैदावारको ओसारपसार गर्दा अनिवार्य रुपमा नगरको सिफारिस लिनुपर्ने व्यवस्थालाई कडाइका साथ कायम गरिने छ ।
- सामुदायिक वनहरुमा देखिएका विकृति हरुलाई निरुत्साहित पार्न नगर सरकारले आवश्यक कदम चालिने छ ।
- दक्षिणतर्फको चितवन राष्ट्रिय निकुञ्ज, निकुञ्जभित्रका जनावर र सोही क्षेत्रमा बसोबास गर्ने समुदायबीचको द्वन्द्वलाई अन्त्य गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा कंक्रिट वाल निर्माण कार्य ७५ प्रतिशत सकिएको छ । अब बाँकी २५ प्रतिशत काम पूरा गर्न सम्बन्धित निकायसँग पहल गरी पूरा गरिनेछ ।
- जापानिज कम्पनी रिकिसि कम्पोस्ट प्रा. लि. मध्यपुर ठिमी ४ को व्यवस्थापन सहयोग तथा प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, राप्ती नगरपालिका र शिवशक्ति सामुदायिक वनको साझेदारिमा सञ्चालित राप्ती नगरपालिकाको वडा नं २ कुपण्डोलमा निर्माणाधिन अर्गानिक मल उत्पादनलाई यस आ ब ०७८/७९ बाट व्यवस्थित ढंगले सञ्चालन गरिनेछ ।

- ✶ कुहिने र नकुहिने फोहोर अलग अलग संकलन गर्ने विधिको बारेमा टोल बिकास संस्थाहरुसंग समन्वय गरि सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ र उक्त फोहोरबाट अर्गानिक मल उत्पादन गरि बालि बिरुवामा प्रयोग गरिने छ ।
- ✶ आफ्नो टोल हरित टोलको रुपमा विकास गर्ने स्वच्छ टोलहरुलाई प्राथमिकताका आधारमा पुरस्कार प्रदान गर्ने नीति अबलम्बन गरिने छ ।
- ✶ ग्रामीण क्षेत्रमा अब बन्ने घरहरुमा अनिवार्य शौचालय राख्नुपर्ने व्यवस्था गरिने छ ।
- ✶ नगर सरसफाइ तथा वातावरण संरक्षण कार्यक्रमहरु सञ्चालन गर्दा टोल बिकास संस्थाहरुको सहकार्यमा गरिने छ ।
- ✶ राप्ती नगरलाई प्लाष्टिक झोला रहित शहरको विकास गर्ने नीतिलाई कार्यान्वयन गर्न उद्योगीहरुलाई निश्चित राजश्व रकम छुट दिइने छ । यस्तो उद्यम गर्ने युवा व्यवसायीलाई निश्चित समयमा फिर्ता गर्ने गरि कार्ययोजनाका आधारमा तोकिएको रकम उपलब्ध गराइने छ ।
- ✶ राप्ती नगर क्षेत्रभित्र स्थापना हुने उद्योगहरु दर्ता गर्दा वातावरण प्रदुषण नहुने कार्ययोजना पेश गरेमा राजश्व रकममा केहि छुट दिइने व्यवस्था गरिने छ ।
- ✶ फोहोरमैला व्यवस्थापनका अन्य विभिन्न मोडालिटिको अध्ययन गरि उपयुक्त मोडालिटिको अनुसरण गरिने छ ।
- ✶ फोहोर उत्सर्जन गर्नेकै फोहोर व्यवस्थापनको पहिलो दायित्व हो भन्ने चेतनामुलक कार्यक्रम टोल विकास संस्थाको सहभागितामा गराइने छ ।
- ✶ प्राणी र वातावरणविचको सम्बन्धलाई सुमधुर पार्न चेतनामुलक व्यवहारिक कार्यनुसार सञ्चालन गरिने छ र विभिन्न सामुदायिक वन क्षेत्रमा जनावरलाई पानि सजिलै पिउन पोखरी खन्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ✶ फोहोर व्यवस्थापनमा अन्य पालिका प्रदेश तथा नेपाल सरकारसंग समन्वय गरिने छ ।
- ✶ यस पालिका भित्र वन तथा वातावरणीय संवेदनशिलता रहेको क्षेत्रमा विकासका क्रियाकलाप सञ्चालन गर्दा IEE, EIAगराएर मात्र गर्ने नीति अबलम्बन गरिने छ ।
- ✶ सडकको दाँया बाँया बृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।
- ✶ ग्रीन राप्ती, क्लिन राप्तीभन्ने नाराका साथ हरियाली प्रवर्द्धन अभियानलाई सुरु गरी टोल विकास संस्थामार्फत् बस्तीस्तरसम्म पुर्‍याइनेछ । हरियाली प्रवर्द्धनमा पुर्‍याएको योगदानको आधारमा टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ । गैरसरकारी संस्था, टोल विकास संस्था, आमा समूह, युवा क्लब लगायतका सामाजिक संघ संस्थाहरुलाई हरियाली प्रवर्द्धन कार्यक्रममा सहभागी बनाइनेछ ।
- ✶ वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी र प्रत्येक टोलमा फलफुलका विरुवा रोपेर वातावरण हरियाली र फलफुल रोप्ने अभियान सञ्चालन गरिनेछ ।

## ङ. विपद व्यवस्थापन

- वर्तमान कोरोना विपत्तिलाई न्युनिकरण , रोकथाम र व्यवस्थापनलाई विशेष बजेट व्यवस्था गरिने छ।

- नगर तथा वडाहरुमा विपद व्यवस्थापन कोषको व्यवस्था गरिने छ ।
- नगर स्तरिय विपद व्यवस्थापन समिति तथा अन्य समितिको क्रियाकलापमा सक्रियता ल्याइने छ ।
- विपद व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरु को व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरुको व्यवस्था गरिने छ ।
- विपद व्यवस्थापनमा युवाहरुलाई परिचालन गर्न संरचनात्मक सुधार गरिने युवा क्लबहरुको प्रतिनिधित्व गराइने छ ।
- मानव निर्मित विपदलाई कम गर्न जोखिमुक्त बसोबास घर निर्माणमा भुकम्प प्रतिरोधि विधि र मापदण्ड कार्यान्वयनमा ल्याइने छ । शहरी क्षेत्रमा घर निर्माण गर्दा तोकिएको मापदण्डको पूर्ण कार्यान्वयन गरिने छ ।
- जोखिमयुक्त बस्ति क्षेत्र र स्थानहरुको पहिचान गरि त्यस्ता बस्तिहरुमा बसोबास भएका परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक प्रक्रिया मिलाइने छ ।
- राप्ती, लोथर ,च्यात्रा ,पम्फा ,मार्ताल , ढुङ्ग्रे खोला लगायतका खहरे खोलाबाट बर्षा याममा हुन सक्ने कटानलाई नियन्त्रण गर्न संघ प्रदेश लगायत अन्य निकायहरुको समन्वयमा तटवन्धन कार्यलाई निरन्तरता दिइनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विशेष नीति लिइनेछ । नगरपालिकामा आपतकालीन केन्द्र सञ्चालन स्थापना गरिनेछ ।सबै वडा कार्यालयमा विपद् व्यवस्थापनका आधारभूत सामाग्रीको भण्डारणको व्यवस्था मिलाइनुका साथै विपद्को समयमा राहत र उद्धारलाई सहज बनाउन आवश्यक हेलिप्याड निर्माण गरिनेछ ।
- वातावरण सरसफाई तथा विपद् व्यवस्थापनको क्षेत्रमा उदाहरणीय काम गर्ने व्यक्ति, संस्था र टोल विकास संस्थालाई पुरस्कृत गरी प्रोत्साहन गर्ने नीति लिइनेछ।
- विपत परेका बेला उद्धार गर्ने उद्धार सामाग्रीहरु जे.सी.भी., एम्बुलेन्स, हाते सामाग्री, डोरी, लाइफ ज्याकेट, स्ट्रेचर, ट्युव लगायतका सामाग्रीहरुको व्यवस्थापन गरी तत्काल उद्धार गर्नुपरेको अवस्थामा सो को परिचालन गरिनेछ ।

## च . शिक्षा

- ❖ संघीय तथा प्रदेश सरकारको समन्वयमा शैक्षिक सत्र खेर नजानेगरि शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था गरिने छ ।
- ❖ सुरक्षित शैक्षिक संस्था सञ्चालनका लागि स्वास्थ्य सुरक्षाको मापदण्ड बनाइ कार्यान्वयन गरिने छ ।
- ❖ सामुदायिक विद्यालयहरुको पूर्वाधार विकास गुणस्तर बिकास र स्तरोन्नतिका लागि योजनाबद्ध रुपमा कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ विद्यालयमा विद्यार्थी भर्ना हुने दर बढाउने र विद्यालय छाड्ने दर घटाउन दिवा खाजा, सेनिटरी प्याड लक्षित छात्रवृत्ति लगायतका सुविधाहरुको प्रबन्धलाई व्यवस्थित गरिने छ ।
- ❖ प्रत्येक शैक्षिक संस्थाहरुमा बालमैत्रि वातावरण, छात्रा तथा अपाङ्गमैत्री पूर्वाधार एवं संरचना निर्माण गर्दै लगिने छ ।
- ❖ सामुदायिक सिकाइ केन्द्रहरु मार्फत साक्षरता कक्षा सञ्चालन गरिने छ ।

- ❖ सामुदायिक र संस्थागत विद्यालयहरुका विचमा असल अभ्यासको अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- ❖ विधार्थिलाई हालको कोरोना भाइरसको अवस्थामा वैकल्पिक विधिवाट शिक्षण गर्न पहल गरिनेछ ।
- ❖ विद्यार्थि संख्या विद्यालय सम्मको पहुँच र उपयुक्तताका आधारमा मिल्दा विद्यालयहरुलाई एकिकृत गर्दै लगिने छ ।
- ❖ विद्यालय तथा शिक्षकको पुनर्वितरण गरिने छ र शिक्षक विद्यार्थि अनुपातलाई समयानुकुल परिमार्जन र निर्धारण गरिने छ ।
- ❖ नगर क्षेत्रभित्र सर्वोत्कृष्ट नतिजा हासिल गर्ने शैक्षिक संस्था शिक्षक विद्यार्थिहरुलाई पुरस्कृत एवं सम्मान गरिने छ ।
- ❖ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका कार्यक्रमहरुलाई सञ्चालन गरिने छ ।
- ❖ नगर क्षेत्रभित्रका क्याम्पसहरुको स्तरोन्नति र सुधार गरिने छ ।
- ❖ सिकाइ उपलब्धि सुधारका लागि शिक्षक विद्यार्थि र अभिभावक को त्रिपक्षिय सक्रियता अभिवृद्धि गरिने छ ।
- ❖ नगरपालिकामा फरक शारिरीक अवस्था भएका बालबालिकाहरुले पठनपाठन गर्न राप्ती नगरपालिका, वडा नं. ८ मा रहेको बजरहट्टी निम्न माध्यमिक विद्यालयमा बहिरा विशेष कक्षालाई मा.वि. सम्म सञ्चालन गरिनेछ ।
- ❖ भौगोलिक दुरी टाढाबाट आएर पढ्नुपर्ने वालवालिकालाई विद्यालयको पहुँच नजिक राख्न वडा नं १०, ११, १२ र १३ मा बनिसकेका छात्रावास व्यवस्थित गरिने छ र बनिरहेका छात्रावासलाई पूर्ण रुपबाट सम्पन्न गरिने छ ।
- ❖ फरक शारिरिक अवस्था(वहिरा)भएका विद्यार्थिलाई विशेष कक्षा ,मा.वि. सम्म संचालन गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित स्वास्थ्यजाँच गर्ने व्यवस्था गरी किशोर किशोरीलाई उचित परामेर्शको व्यवस्था गरिनेछ । महिला स्वास्थ्य स्वयमसेविकालाई थप प्रभावकारी बनाउन विभिन्न कार्यक्रम ल्याइनेछ ।
- ❖ दक्ष शिक्षक, नियमित विद्यार्थीः प्रभावकारी शिक्षण गुणस्तरीय सिकाईको हासिल गर्न विद्यालयको शैक्षिक वातावरण, शिक्षक र विद्यार्थीको उपस्थिति, अन्तरविद्यालय परीक्षा केन्द्र र परीक्षण पद्धतिजस्ता विधि अवलम्बन गरिनेछ ।साथै शिक्षकको क्षमता विकासमा सघाउ पुऱ्याउने खालका कार्यक्रम सञ्चालनमा विशेष जोड दिइनेछ ।
- ❖ यस नगर क्षेत्रभिका विद्यालयमा शिक्षक दरबन्दी मिलान गरी विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई भौगोलिक अवस्थिति र भौतिक पूर्वाधारहरुको आंकलन गरी एकआपसमा स्थानान्तरण वा गाभ्ने निती लिइनेछ ।
- ❖ एक विद्यालय एक नर्स कार्यक्रम हाल ३ वटा विद्यालयमा मात्र उपलब्ध भएको हुँदा सबै मा.वि. तहका विद्यालयमा ल्याउनका लागि पहल गरिनेछ ।

**महिला वालवालिका**

- ❖ जनसंख्याको आधा हिस्साओगटेको समुदायका लागि संविधानमा व्यवस्था गरिएका संवैधानिक अधिकारलाई कार्यान्वयन गर्नका लागि विभिन्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- ❖ महिलालाई उत्पादनमुलक, रोजगारमुलक र आयमुलक काममा लाग्न उत्तप्रेरणा मिल्ने खालका कामहरुको सृजना गरिने छ ।
- ❖ नगरस्तरीय महिला समन्वय मार्फत् विशेष रोजगारमूलक र उत्पादनमूलक कार्यक्रमलाई प्रोत्साहन गर्न प्रयत्न गरिनेछ ।
- ❖ जेष्ठ नागरिक, हिंसापिडित महिलाहरुलाई उद्धार र संरक्षण गर्न लङ्गिक हिँसा राहत कोष स्थापना गरिनेछ ।
- ❖ बालविवाहलाई न्यूनीकरण गर्न २० वर्षपछि विवाह गर्ने छोरीलाई प्रोत्साहन कार्यक्रम राखिने छ ।
- ❖ जेष्ठ नागरिक बुबाआमालाई उपचार गर्न अस्पताल जाँदा उमेर अनुसार विशेष छुट तथा निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।

## उत्पीडित

- ❖ सदियौं वर्षदेखि पछाडि पारिएको समुदायलाई समाजको अग्र पङ्क्तिमा ल्याउन संविधानले व्यवस्था गरेको संवैधानिक व्यवस्था अनुसार आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- ❖ अझैपनि सामाजिक परिवर्तन नभइ रहेको अवस्थामा स्थानीय सरकारले सचेतनामुलक कार्यक्रम मार्फत  समाजमा लुकेर बसेका सबै खाले सामाजिक विकृति र विसंगतिलाई अन्त्य गर्नको लागि योजनाबद्ध ढंगले कार्यक्रम बनाइने छ ।
- ❖ अति विपन्न उत्पीडित समुदायका परिवारलाई निःशुल्क बिमा गरिनेछ ।

## छ . युवा तथा खेलकुद

- ✶ विद्यालयस्तरीय र नगरस्तरीय खेलकुद लगायतका कार्यक्रमहरु निरन्तर सञ्चालन गरिने छ ।
- ✶ युवा लक्षित आर्थिक आत्मनिर्भरताका लागि सिपमुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- ✶ “सम्बृद्धिका लागि स्वास्थ्य, स्वास्थ्यका लागि खेलकुद” भन्ने मर्मलाई आत्मसात गराउन युवा क्लबहरुलाई प्रोत्साहन गरिने छ ।
- ✶ खेलकुद क्षेत्रको व्यवस्थापनका लागि खेलमैदानको व्यवस्थापन गर्दै जाने नीतिलाई अबलम्बन गरिने छ।
- ✶ नगरपालिका स्तरिय एउटा खेलग्राम बनाइने छ ।
- ✶ एक वडा एक खेल मैदान कार्यक्रमलाई कार्यान्वयन गरिने छ ।
- ✶ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अन्य खेलकूद प्रतियोगिता आयोजना गरी युवा तथा विद्यार्थीहरुमा स्वच्छ प्रतिश्पर्धाको भावना विकास गराइ शारीरिक, मानसिक र सामाजिक भावनाको विकास गरिनेछ ।

- युवाको खेलकूद, स्वास्थ्यको लागि खेलकूद नारालाई आत्मसात गर्दै खेलाडी तथा खेल पूर्वाधारमा लगानी बढाउन प्रोत्साहित गर्ने नीति लिइनेछ साथै युवा लक्षित विभिन्न क्षमता विकास तथा सीप हस्तान्तरण कार्यक्रममा जोड दिइनेछ ।
- युवाहरुको इच्छा, चाहना र माग अनुसार विभिन्न सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।
- युवा उद्यमीहरुलाई उत्पादनतर्फ उत्प्रेरित गर्नको लागि व्यवसायमूलक तालिमको व्यवस्था गरिनेछ ।

**ज. स्वास्थ्य**

- कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि नगरपालिकाको अगुवाइमा संघ र प्रदेशसँगको समन्वयमा आवश्यक कार्यहरु चरणबद्ध रुपमा सञ्चालन गरिने छ ।
- पूर्ण खोपयुक्त नगर घोषणा पश्चात गरिनुपर्ने कार्यहरुको निरन्तरता दिइने छ ।
- सरकारी गैरसरकारी तथा निजी क्षेत्रको साझेदारीमा विभिन्न स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- स्वास्थ्य संस्थाको सक्षमता अभिवृद्धि गरिनेछ, आवश्यक स्वास्थ्य उपकरणहरु खरिद, जनशक्ति व्यवस्थापन एवं निशुल्क वितरण गरिने औषधिहरु तथा सेवाहरु प्रभावकारिता अभिवृद्धि गरी निरन्तरता दिइने छ ।
- सिमान्तकृत वर्ग चेपाङ, दलित, सुकुम्बासी महिलालाई ५० प्रतिशत एमबुलेन्स भाडामा सुविधा दिइने छ ।
- सिमान्तकृत वर्ग चेपाङ, दलित र सुकुम्बासिहरुलाई स्वास्थ्य विमा गरिने छ ।
- आमा स्वास्थ्य, किशोरी स्वास्थ्य र नवजात शिशु स्वास्थ्य कार्यक्रमहरुलाई विशेष महत्वका साथ सञ्चालन गरिने छ ।
- भण्डारा अस्पतालमा महिला विशेषज्ञ सहितको डाक्टरको व्यवस्था गरी २४ घण्टा जनतालाई स्वास्थ्य उपचारको सेवा दिइनेछ ।
- सबै सुविधा सम्पन्न भण्डारा अस्पताल टेण्डरको अन्तिम अवस्थामा भएको हुँदा यसलाई छिटोभन्दा छिटो बनाउन पहल गरिनेछ ।
- स्वास्थ्य स्वंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुसार सवै वडामा स्थापना भएका स्वास्थ्य चौकी व्यवस्थित ढंगले सञ्चालन गरिने छ ।
- सरकारी र गैरसरकारी संघ संस्थाहरुको साझेदारी र सहकार्यमा गुणस्तरिय स्वास्थ्य सेवालाई प्रोत्साहित गरिने छ ।
- स्वास्थ्य विमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्दै निरन्तरता दिइने छ ।
- स्वास्थ्य चौकीमा सुत्केरी हुने आमालाई प्रोत्साहन स्वरुप दिइने भत्तालाई निरन्तरता दिइनेछ ।
- हाम्रो स्वास्थ्य हाम्रै हातमा भन्ने नारालाई जनस्तरमा पुऱ्याउन योग शिक्षा शिविर सञ्चालन गरिनेछ ।
- क्यान्सर, मधुमेह, दम, कलेजो, मृगौलाका बिरामी तथा उच्च रक्तचाप लगायत नसर्ने रोगका बिरामीको पहिचान, परीक्षण र उपचार कार्यक्रमहरु प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइनेछ ।

- ✶ आयुर्वेदिक औषधालयलाई थप ३ ठाउँमा विस्तार गरिनेछ ।

## झ . खानेपानी तथा सरसफाई

- ✶ खानेपानीका मुलहरु र जलाधार क्षेत्रहरुको संरक्षण र सम्र्बर्द्धन गरिने छ ।
- ✶ नगरका सबै स्थानहरुमा स्वच्छ खानेपानिको प्रबन्ध गरिने छ ।
- ✶ नगरभरीका नालि भएका बाटोको दुवैतिर वृक्षरोपण गरि हरित सडक योजनालाई कार्यान्वयनमा ल्याइने छ ।
- ✶ प्रदुषक न्युनिकरण र पुनः प्रयोगका लागि सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ✶ खानेपानी आयोजनाहरुको निर्माण र मर्मतको कार्यलाई निरन्तरता दिंदै खानेपानिको गुणस्तर जाँचको प्रबन्ध गरिने छ ।

## ञ .लैङ्गिक समानता तथा समावेशिकरण

- ➢ महिला, आदिवासी,जनजाति,दलित, अपाङग (फरक क्षेमता भएका व्यक्ति ) वालवालिका,सिमान्तकृत विपन्न र अवसरबाट वञ्चित लगायतका सम्पूर्ण व्यक्तिको शसक्तिकरण, क्षमता विकासको लागि सिममुलक, आयमुलक तथा रोजगारमुलक लगायतका प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजना सञ्चालन गर्ने नीति लिइने छ ।
- ➢ महिला वर्गमाथि हुने विभेद अन्त्यका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । कार्यस्थलमा हुने हिंसा, घरेलु हिंसा, लैङगिक तथा यौन हिंसा विरुद्ध अभियान सञ्चालन गरिनेछ ।
- ➢ महिला हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । र न्यायिक क्रियाकलापलाई "द्रुत सुनुवाई" को व्यवस्था मिलाईनेछ ।
- ➢ संविधानले व्यवस्था गरेको संवैधानिक अधिकारलाई प्रभावकारी कार्यान्वयनका लागि पहल गरिनेछ ।
- ➢ सामाजिक कुप्रथा अन्याय र भेदभाव हटाउन,स्थानीय सरकार गैरसरकारी संघसंस्थासँग समन्वय गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ➢ राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई निरन्तरता दिदै महिला तथा वालबालिकाहरुको लागि नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ➢ बालमैत्री स्थानीय नगरका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ । वालश्रममुक्त नगर तथा बालमैत्री नगरपालिका घोषणा गर्नका लागि धेरै मात्रामा आवश्यक मापदण्ड पूरा भइसकेको हुँदा क्रमशः वडाहरुलाई बालमैत्री वडा घोषणा गर्दै नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गरिनेछ । जोखिममा परेका बालबालिकाको उद्धार तथा पुनर्स्थापनाका लागि बालबालिका उद्धार कोष स्थापना गरिनेछ ।
- ➢ महिलाको आर्थिक सामाजिक सशक्तीकरणको लागि सीप विकास तथा व्यक्तित्व विकासका कार्यकमहरु सञ्चालन गरी स्थानीय व्यवसायी महिलाद्वारा उत्पादित व्यावसायिक उत्पादनलाई राष्ट्रियस्तरको बजारमा पहिचान गराउनेतर्फ विशेष जोड दिइनेछ ।

- यौन दुर्व्यवहार र घरेलु हिँसामा परेका महिलालाई उचित संरक्षण, न्याय, मनोसामाजिक परामर्श तथा आय आर्जनमा सहयोग पुऱ्याउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।
- हाम्रा बालबालिका राम्रा बालबालिकाको मान्यतालाई स्थापित गर्दै यस नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गरिनेछ । साथै बालविवाह, बालश्रम अन्त्य गरी बालबालिकामाथि हुनसक्ने हिँसा, शोषण, दुर्व्यवहार रोकी बालबालिकाको मानसिक, शारिरीक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउने कार्यमा जोड दिइनेछ ।
- आदिवासी जनजाति, दलित, मुस्लिम, अल्पसंख्यक लगायतका समुदाय र अपाङ्गता भएका व्यक्ति तथा अति विपन्न वर्गलाई लक्षित गरी विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै उक्त वर्ग तथा समुदायको सशक्तिकरणको लागि विभिन्न कार्यक्रम सञ्चालन गरी समावेशीकरण सहितको सामाजिक न्याय कायम गरिनेछ ।
- भ्रष्टाचार र लैङ्गिक हिँसाविरुद्ध शून्य सहनशीलता नीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- उद्यमशील महिलाहरुलाई व्यवस्थित व्यवसायी उद्यमी बनाउनको लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगतको महिला उद्यमशील कार्यक्रमलाई व्यवस्थित गर्रिँदै लगिनेछ ।

## ट . संस्कृति प्रवर्द्धन

- हामीले निर्माण गरेका साँस्कृतिक सम्पदालाई संरक्षण र सम्वर्द्धन गर्न आफ्नो संरक्षण आफैँ गर्छौँ भन्ने अभियान सञ्चालनमा ल्याइनेछ ।
- नगरभित्रका विभिन्न भाषा, संस्कृती साहित्य र कलाहरुको संरक्षण, सम्बर्धन र विकास गर्न जोड दिईनेछ ।
- विभिन्न जातीय फरक संस्कृती संग आवद्ध होम स्टेहरुको आवश्यकता बमोजिम थप स्थापना र भईरहेको स्तरउन्नती गर्न साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विभिन्न सांस्कृतिक तथा धार्मिक महत्वका मठ मन्दिर गुम्बा,मस्जिद, चर्जहरुको समुदाय संग साझेदारी गरी मर्मत सम्भार गरिनेछ ।
- विभिन्न जात, धर्म, संस्कृतिबिच भाइचारा कायम गर्न गरिएका महोत्सवहरुको लागि नगरपालिकाले समन्वयकारी भुमिका निर्वाह गरिने छ ।
- सरकारी निजी तथा गैरसरकारी संघ संस्थाकासंगको सहकार्यमा विभिन्न सांस्कृतिक संग्रहालयको व्यवस्था मिलाउन पहल गरिने छ ।

## ठ . कृषि

- कृषकद्धारा उत्पादित खाधान्न तथा अन्य कृषि उपज विक्रि भएपनि न्युन मुल्यमा विक्रि हुदाँ वास्तविक किसानलाई उत्पादन लागत उठाउन समेत नसक्ने व्यवस्थाले कृषि विकासको क्षेत्रमा

थप चुनौती सृजना भएको छ । तसर्थ नेपाल सरकारको सहयोगमा कृषि भण्डारण केन्द्रहरुको निमार्ण गरी कृषकहरुका खाधान्न उत्पादन निश्चित मुल्यमा खाध संस्थान वा सहकारीद्धारा खरीद गरिने व्यवस्था क्रमश मिलाइने छ ।

- प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनालाइ व्यवस्थित गर्दै लैजाने नीति अवलम्वन गरिने छ ।
- कृषि क्षेत्रको विमाको लागि नेपाल सरकार, प्रदेश सरकार र सहकारी क्षेत्रसंगको सहकार्य मा कृषि विमामा नगर सरकारद्धारा समन्वकारी तथा उचित योगदान पुऱ्याइने छ ।
- बिषादी रहित तरकारी खेतीको विकास तथा बजार विस्तारको लागि आवश्यका क्रियाकलाप सञ्चालन गरिने छ ।
- व्यवसायिक कृषि प्रणालिलाई आत्मसाथ गरि नयाँ दर्ता हुने कृषि व्यवसायहरुलाई विषेश छुटको व्यवस्था गरिनेछ ।
- विषादी प्रयोग न्युनिकरणका लागि विषादि परिक्षण प्रयोगशाला निर्माण गरिनेछ र Organic खेती गर्ने किसानलाई प्रोत्साहन स्वरुप विशेष व्यवस्था मिलाइनेछ ।
- विषादी न्यूनीकरण गर्ने कार्यक्रम हालसम्म व८ नं. १ दखि ९ सम्म सम्पन्न भइसकेको छ । यस आर्थिक वर्षमा वडा नं. १० र ११ तथा अर्को वर्ष १२ र १३ मा सञ्चालन गरिनेछ ।
- किसानहरुलाई ब्याज अनुदान दिनको लागि विभिन्न निकायसँग समन्वय गरी विशेष कार्यक्रम ल्याइनेछ ।
- कृषि विकासका लागि जमिनको खण्डिकरण र बाझोपना नियन्त्रण गर्न विषेश अभियान संञ्चालन गरिने छ । साथै कृषि उत्पादन अभिवृदी का लागि सिंचाई प्रणाली विकास, कृषि यान्त्रिकरण कृषि हाटबजारको संचालन उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम तथा सञ्चालनको प्रवन्ध गरिनेछ ।
- कृषकको वर्गिकरण र पहिचान गरी कृषि पेशाको सम्मान गर्दै व्यवसायिक कृषि सेवा प्रदान गरिने छ ।
- विषादिका कारण विग्रिएको माटोलाई खेतियोग्य बनाउनका लागि माटोमा राख्ने चुना अनुदानमा वितरण गर्ने र माटो परिक्षण कार्यलाई अघि बढाइने छ ।
- कृषि उत्पादनले उचित मूल्य पाउने गरी बजार व्यवस्थापन गरिनेछ । साथै नगरपालिका क्षेत्रभित्रका बजारबाट टाढा भएका ठाउँबाट कृषि उपजलाई बजारसम्म पुऱ्याउन ढुवानीको व्यवस्था क्रमशः मिलाउँदै लगिनेछ ।
- प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र तथा कृषि हाटबजारको स्थापना गर्ने कार्यलाई विशेष जोड दिइनेछ ।
- टोल टोलमा कृषक समूह गाउँ गाउँमा सहकारी कार्यक्रम सञ्चालन गरी कृषकलाई संगठित र आत्मनिर्भर तुल्याइनेछ ।
- माटो परीक्षण तथा बाली संरक्षण सेवालाई विशेष कार्यक्रमको रुपमा प्रभावकारी तरिकाले अगाडि बढाइनेछ साथै विषादीबाट मानव स्वास्थ्यमा पर्ने दुर्गामी असरलाई मध्यनजर गर्दै रासायनिक मल तथा विषादीको प्रयोग कम गर्दै प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- नगरस्तरीय तरकारी संकलन केन्द्र र साविक गा.वि.स. स्तरीय चारवटा तरकारी संकलन केन्द्रलाई सम्पन्न गरी व्यवस्थित गर्दै लगिनेछ ।

## ड . सहकारी

- ❖ सहकारी क्षेत्रलाई नगर अर्थव्यवस्थालाको महत्वपूर्ण पक्षको रुपमा विकास गरिनेछ । सहकारी क्षेत्र मार्फत हुने स्रोत परिचालनलाई पारदर्शी र विश्वासयोग्य वनाईनेछ ।
- ❖ सहकारीका माध्यमबाट गरिब तथा आर्थिक हिसाबले विपन्न करिव ५०० जना बेरोजगार युवा स्वरोजगारको व्यवस्था गर्ने र युवा लक्षित उद्यमशिलता कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ कृषि जन्य उत्पादनमा आधारित भई कार्य गर्ने सहकारी सस्था लाई विशेष प्रोत्साहन गरिने छ ।
- ❖ सहकारीलाई संरक्षण, प्रवर्द्धन र विकास  र सहकारीपन अभिवृद्धिका लागि विभिन्न प्रोत्साहन मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ महिला सहकारीहरुलाई लक्षित गरी विशेष कार्यक्रम ल्याइ आत्मनिर्भर बनाइनेछ ।
- ❖ कारोवारको प्रकृति, उद्देश्य मिल्ने सहकारीहरुलाई एकिकरण गर्ने कार्यलाई प्रोत्साहन गर्दै मर्ज हुने सहकारीलाइ नगरपालिकामा बुझाउनुपर्ने करमा विशेष छुट दिने व्यवस्था गरिनेछ ।
- ❖ COPOMIS मा आवद्ध हुने सहकारीलाई निरन्तरता दिँदै प्राविधिक साक्षरता र वितिय साक्षरताका लागि कार्यक्रम संचालन गरिनेछ ।

## ढ . पशुपालन

- ➢ प्रयोगशाला सहितको पशु अस्पताल भवन निमार्ण कार्यलाई पुरा गरि पशुजन्य किसानहरुलाई आवश्यक सेवा प्रदान गरिने छ ।
- ➢ यसअघि निशुल्क रुपमा प्रदान गर्दै आएका औषधि तथा सेवाहरुको वितरणलाइ निरन्तरता दिइने छ ।
- ➢ नगरलाई दुधमा आत्मनिर्भर वनाउन गाई भैसीमा गर्दै आएको कृतिम गर्भाधानलाई स्वजातिय कृतिम गर्भाधान पद्धति अपनाइने छ ।
- ➢ व्यवसायिक र आधुनिक पशुपालन व्यवसायका लागि पेशागत पशुपालन तालिम संचालन गरिने छ ।
- ➢ नगरलाई मासु तथा दुग्धजन्य खाद्य्य पदार्थमा आत्मनिर्भर वनाउन आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- ➢ व्यवसायिक कृषि उद्यम गर्ने कृषक समूह, समिति , सहकारीहरुलाई अनुदानका कार्यक्रमलाई निरन्तरता दिंदै रोजगारमुलक , उत्पादनमुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- ➢ पशुपन्छीको नश्ल सुधार, पौष्टिक दाना, आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्षलाई समानान्तर रुपमा अगाडि बढाई एकीकृत रुपमा सेवा प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ➢ गाई, भैँसी र बाख्राको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरिनेछ ।

- गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन डाले घाँस, भुईँ घाँस उत्पादन विउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनिरल आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरुको सदुपयोगलाई प्रोत्साहन गर्न एक वडा एक पशुपालन स्रोत केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।
- पशुपालन गर्ने किसानलाई प्रोत्साहित गर्नको लागि प्रतिलिटर ५० पैसा अनुदान दिने व्यवस्था गरिएको छ ।
- दुग्ध पदार्थ एवम् मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न बधशालादेखि भान्सासम्म स्वच्छ र स्वस्थ मासु एवम् गोठदेखि ओठसम्म स्वच्छ र सफा दूध कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

## ण . उद्योग तथा वाणिज्य

- उद्योग क्षेत्रको विकास विना रोजगारी वृद्धिको सपना अधुरो हुने भएकाले युवा उद्यमिहरुले कार्ययोजना र निश्चित मापदण्ड तथा लगानिको आधारमा उद्योग स्थापना गर्न चाहेमा नगरपालिकाले Payback periodकिटान गरि निश्चित सर्तमा लगानि गर्ने वातावरण बनाइने छ ।
- राप्ती नगरपालिका भित्र स्थापित उद्योगले कम्तिमा ७० प्रतिशत भन्दा बढी राप्ती नगरबासीलाई रोजगार प्रदान गरेमा उद्योगले नगरमा बुझाउनुपर्ने राजश्वमा छुट प्रदान गरिने छ ।
- स्थानिय कच्चा पदार्थको प्रयोग गर्ने उद्योगलाई प्रोत्साहन गरिने छ ।
- बजार व्यवस्थापन सम्बन्धि कानूनीस प्रबन्ध सहित उपभोक्ता हित संरक्षण मञ्चसंगको सहकार्यमा बजार व्यवस्थापन र अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका क्षेत्र भित्र स्थापना एवं सञ्चालन हुन चाहने वातावरणमैत्री उद्योगहरुलाई विशेष सुविधा उपलब्ध गरिनेछ ।
- स्थानिय श्रोत र साधनलाई अधिकतम प्रयोग गरि उद्योग सञ्चालनमा प्रोत्साहन गरिने छ ।
- सम्भावित उद्योगको विकास दुग्ध जन्य पदार्थको उद्योगको लागि पहल गरिने छ ।
- मापदण्ड विपरीत सञ्चालित उद्योगहरुलाई निरुत्साहित गर्दै लगिनेछ ।
- राप्ती नगरपालिकामा उद्योगग्राम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- सबै उद्योगी, व्यापारीहरुलाई करको दायरामा ल्याउन विशेष छुटको व्यवस्था गरिनेछ ।

## त . पर्यटन

- पूर्वी चितवनका पर्यटकीय सम्भावना भएका क्षेत्रहरुलाई एकापसमा जोडी Tourism Circuit बनाउन संघीय सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय तहहरुसंग समन्वयकारी भूमिका खेलिने छ ।
- पर्यटनको पूर्वाधार विकासमा स्थानीय संघसंस्था र निजी क्षेत्रको नेतृत्व तथा सहभागितालाई प्रोत्साहन गरिने छ ।

* पर्यटकिय क्षेत्रको पहिचान विकास र विस्तारका लागि पर्यटन पूर्वाधार निर्माण कार्यलाई तिब्रता दिइनेछ ।
* निर्माणाधिन पर्यटकिय क्षेत्रहरुलाई समयसिमा भित्र सम्पन्न गर ी आम्दान ीको श्रोत बनाइ आत्मनिर्भर भई सञ्चालन हुने वातावरण सिर्जना गरिने छ ।
* नगरपालिका भित्र पर्यटकिय सम्भाव्यता रहेको परेवाकोट, पानिसराढाप, कमिनचुलि, इकोपार्क, जे.पी. भेटवाल पार्क, नागदह ,बाघदेवी संग्रहालय, रातामाटे फनपार्क लगायतका क्षेत्रहरुको विकास गर्न एवं ऐतिहासिक धार्मिक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको वृहत्तर उन्नयनको लागि एक पर्यटकिय गुरूयोजना तयार गरिनेछ ।
* पूर्वाधार क्षेत्र विकास संग पर्यटन विकास र प्रवर्द्धनलाई आवद्ध गरिने छ ।
* पर्यटकीय सडकहरु लोथर-सौराह र खुरखुरे-किरनटार-कमिनचुली-कान्दा सडक निर्माण गर्न संघ र प्रदेशसँग विशेष पहल गरिनेछ ।

## थ . सूचना तथा सञ्चार

* संघीय सरकारले तर्जुमा गरेको डिजिटल नेपाल फ्रेमवर्क २०७६ अन्तर्गतका सम्पुर्ण कार्यक्रमहरु सञ्चालन गरिने छ ।
* नगरपालिकाको सूचना तथा गतिविधिलाई आधिकारिक वेबसाइट , एप्लिकेसन ,सामाजिक सञ्जाल, स्वतः प्रकाशन र स्थानीय सञ्चार माध्यमबाट प्रकाशन र प्रशारणको नीतिलाई निरन्तरता दिइनेछ ।
* सञ्चारकर्मी र नगरपालिका बिच नियमित अन्तर्क्रिया र सुचना आदानप्रदान मार्फत पारदर्शिता अभिवृद्धिको प्रबन्ध मिलाइने छ ।
* कार्यालयका सूचनाहरु सेवाग्राहिले सहज  रुपमा पाउने व्यवस्थाका लागि सञ्चार क्षेत्रसंग सहकार्य तथा क्षमता विकास गरिने छ ।
* डिजिटल बोर्ड मार्फत् नगरपालिकाको सूचना प्रवाहमा सरलता ल्याउनका साथै डिजिटल नागरिक बडापत्रको सुरुवात गरी मोबाइल एप्लिकेसनबाटै गुनासो र उजुरी लिने व्यवस्था क्रमशः गर्दै लगिनेछ ।

## द. जनशक्ति व्यवस्थापन,प्रशासन सुधार र सुशासन

* नगरपालिकाको शासकीय तथा प्रशासनीक क्रियाकलाप सम्पादन  गर्दा सुशासनलाई आत्मसात गरिने छ । साथै विकास निर्माण ,योजना छनौट तथा कार्यान्वयनमा नागरिक सहभागिता, जनअपेक्षा सम्बोधन तथा जनसरोकारका सवालहरुलाई संम्वोधन गर्ने व्यवस्था मिलाइने छ ।
* नगरपालिका र वडाहरुको काम कम्प्युटराइज्ड प्रणालिबाट संचालन र व्यवस्थापन गर्दै लगिने छ ।
* राप्ती नगरपालिका अन्तर्गतका सम्पुर्ण कार्यालयमा उजुरी  गुनासो पेटिकालाई व्यवस्थित गरि / चुस्त रुपमा निरुपण गर्ने व्यवस्था मिलाइने छ ।
* कर्मचारी एवं जनप्रतिनिधिको क्षमता विकास गरिने छ ।
* नगरवासिलाई छिटो छरितो सेवा प्रवाहका लागि उचित प्रबन्ध गरिने छ ।

- ✶ नागरिक बडापत्रलाई समयानुकुल सुधार गर्दै सोहि अनुरुप कार्य प्रक्रियाको व्यवस्था गरिने छ ।
- ✶ नगरपालिकाको भौतिक सम्पतिको सुरक्षा र अन्य कार्यलाई व्यवस्थित गर्न नगर प्रहरी नियुक्त गरिने छ ।
- ✶ विकास आयोजनामा भ्रष्टाचारजन्य क्रियाकलापका लागि शुन्य सहनशिलता Zero Tolerance सिर्जना गराउनका लागि नगरस्तरिय अनुगमन समितिको सिफारिस पश्चात मात्र भुक्तानि दिने प्रक्रियालाई निरन्तरता दिइने छ ।
- ✶ नगरपालिकाद्वारा प्रदान गरिएका सेवा , सुविधाका सम्बन्धमा पारदर्शिता अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई , सामाजिक परिक्षण , प्रगति समिक्षा एवं नियमित प्रेस भेटघाट र अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- ✶ कर्मचारीलाई उच्च मनोबलसहित कार्य गर्ने वातावरण तय गरी उचित प्रोत्साहन गर्दै उनीहरुको क्षमता विकास, अनुशासन तथा वृद्धिविकासमा जोड दिँदै कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिश्पर्धी र उत्प्रेरित बनाइनेछ ।
- ✶ कार्यालय समय अघिपछि कर्मचारीलाई काम गराउनुपर्दा थप समयाविधको प्रोत्साहन भत्ता कार्यविधि अनुसार भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।

**ध . राजश्व परिचालन**

- ✶ करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- ✶ एकिकृत सम्पति करको अवधारणा कार्यान्वयनलाई निरन्तरता दिइने छ ।
- ✶ राजश्वको दायरा बढाउँदै नगरबाट प्रदान गरिने सेवा सुविधालाई राजश्वसंग आवद्ध गरिने छ ।
- ✶ राजश्व चुहावट नियन्त्रणका लागि नियमित अनुगमनको व्यवस्था मिलाइने छ ।
- ✶ कर सुचना प्रणाली मार्फत राजश्व सम्बन्धि तथ्याङ्क अद्यावधिक गरिने छ र कर सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- ✶ राप्ती नगरपालिकाभरि पसल, व्यापार,व्यवसाय, उद्योग आदि सञ्चालन गर्ने व्यवसायीबाट वार्षिक व्यवसाय कर असुल उपर गरिनेछ । व्यवसायीको सुविधालाई ध्यानमा राखी वडा कार्यालयबाट नै व्यवसाय दर्ता/नवीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- ✶ राप्ती नगरपालिका क्षेत्रमा घरभाडा दिएका भवन, घर, पसल, टहरा आदिमा १० प्रतिशत घरभाडा कर लाग्नेछ । यस्तो बाहालकर व्यवसाय नवीकरण गर्दाकै बखतमा घरधनीहरुको र भाडाधनीहरुको समेत विवरण लिई घरभाडा कर असुल उपर गरिनेछ । यसको अनुगमन नगरपालिकाले गर्ने व्यवस्था मिलाइनेछ ।
- ✶ राजश्व परामर्श समितिलाई थप क्रियाशील बनाई सम्भाव्य राजश्वको दायरा विस्तारमा जोड दिइनेछ ।
- ✶ वि.सं. २०७४ सालदेखि एकीकृत सम्पत्ति कर लागू गरिएकोमा आगामी आर्थिक वर्षको लागि एकीकृत सम्पत्ति करको दरलाई निरन्तरता दिइनेछ । व्यवसाय करतर्फको करको दरलाई सामान्य हेरफेर गरिनेछ ।

- ✶ आर्थिक वर्ष सुरु भएको पहिलो चौमासिकभित्र कर दिर्ने करदातालाई केही प्रतिशत छुटको व्यवस्था मिलाइनेछ ।
- ✶ "कर तिरौँ नगर विकासमा योगदान गरौँ" भन्ने भावना नगरवासीमा जागृत गराइनेछ र सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

**न . न्यायिक कार्यहरु**

- ➢ मेलमिलाप समिति संग समन्वय गरी न्यायिक क्षेत्रका कार्य सम्पादन स्तर अभिवृदि गरिने छ ।
- ➢ नेपालको संविधान र स्थानीय सरकार  संचालन एन ले प्रवन्ध गरे अनुरुपका न्यायिक समितिका कामकार्बाहीहरु थप व्यवस्थित र प्रभावकारी रुपले संचालन गरिने छ ।
- ➢ वडा तहमा गरिने मेलमिलाप केन्द्रलाई थप सुदृढ बनाई मेलमिलापका माध्यमबाट सर्वसुलभ रुपमा न्यायनिरुपण गरिनेछ ।

**प. पछाडी पारिएका लक्षित समुदाय**

- ➢ सिमान्तकृत वर्ग, चेपाङ, उत्पिडित र अति विपन्न समुदायका लागि नगरपालिकाले विशेष कार्यक्रम ल्याउनेछ ।
- ➢ नगरपालिकाको समन्वयमा पछाडि पारिएका समुदायहरुको मुल प्रवाहीकरण गर्ने व्यवस्था मिलाइने छ । यसका लागि वित्तिय आर्थिक सहयोग तथा लघु उद्यम कार्यक्रम संचालन गरिने छ ।
- ➢ जातिय, धार्मिक र अन्य विभेदहरुलाई अन्त्य गर्न जनप्रतिनिधि र नगरपालिकाको समन्वयमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

**माननिय सदस्यहरु,**

हामी निर्वाचित भएर आएको पनि ४ बर्ष भएको छ । निर्वाचित भएर आएपछि निरन्तर संरचना निर्माण, ऐन, नियम, नियमावली बनाउने, पूर्वाधारका धेरै कामहरु सम्पन्न गर्ने र सबै खालको विकास निर्माणका कामलाई अगाडि बढाएर आयौँ। विगतदेखिनै बजेटको धेरै हिस्सा पूर्वाधार निर्माणतर्फ नै केन्द्रित भयो । तर अब हामीले अबका बजेटलाई हाम्रो नारा "राप्ती नगरपालिकाको आधार, कृषि पर्यटन र पूर्वाधार" लाई साकार पार्ने तर्फ लाग्नुपर्ने देखिन्छ, अधुरा कामहरु पूरा गर्नुपर्नेछ । विश्वव्यापी रुपमा फैलिएको कोरोना माहामारीलाई मध्यनजर राखी स्वास्थ्यमा ध्यान दिनुपर्नेछ । त्यस्तै बेरोजगारी समस्या समाधान गर्न रोजगारमूलक, उत्पादनमूलक कार्यक्रमहरुमा जोड दिने र बालबालिकाको शैक्षिक समस्यालाई समाधान गर्न वैज्ञानिक किसिमले पठनपाठन गर्ने विधिमा प्राथमिकता दिनुपर्ने देखिएको छ । अहिले दोस्रो चरणको भेरियन्टका कारण नगरपालिकामा पनि धेरै प्रभाव पारेको छ । जसका कारण ४१७ जनामा कोरोना पोजेटिभ, १३ जनाको मृत्यु भइसकेको छ । हामीले समयमा नै कोरोना भाइरस विपद् व्यवस्थापन समितिको बैठक बसेर समयमा नै दोस्रो चरणको भेरियन्टसँग सावधानी अपनायौँ । नगरपालिकाको एम्बुलेन्सले सुरक्षित किसिमले बिरामीलाई निःशुल्क अस्पतालसम्म पुऱ्याउने, २० बेडको आइसोलेसन तयार गर्ने, आइसोलेसनमा डाक्टरसहितको स्वास्थ्यसहितको टिमको व्यवस्था गर्ने । एम्बुलेन्स र अक्सिजन

सिलिण्डर व्यवस्थित गर्न फोकल पर्सन तोक्ने काम गरियो । एन्टिजेन टेष्ट गर्न फोकल पर्सन तोक्ने, बिरामीहरुसँग समन्वय गर्न फोकल पर्सन तोक्ने काम गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला जनस्वास्थ्य कार्यालय, भरतपुर अस्पताल लगायतसँग समन्वय र सहकार्य गर्दै दोस्रो चरणको कोरोना भाइरससँग जुधिरहेको अवस्था छ । निषेधाज्ञा (लकडाउन) भएको पनि करिब दुई महिना भइसकेको छ । हामीले अत्यन्त सुरक्षितसाथ जनताका अति आवश्यक काम र अति आवश्यक सम्पन्न गरिसक्नुपर्ने विकास निर्माणका कामलाई पनि सुरक्षित ढंगले सुचारु गरिरहेका छौँ ।

**माननिय सदस्यहरु,**

हामी अहिले विश्वव्यापी रुपबाट फैलिएको कोभिडका कारण विश्वका सबै समुदाय जस्तै हामीलाई पनि आक्रान्त, भयभीत र चिन्तित तुल्याएको छ । यसको जोखिमबाट कहिलेसम्म रहिरहने हो थाहा छैन । हामी कोरोनाका साथै बाढी पहिरोको त्रासमा पनि त्यत्तिकै सजक हुन जरुरी छ ।

समग्रमा राप्ती नगरपालिका भित्रका हरेक विकास निर्माणका कार्यमा केन्द्रिय सरकार , प्रदेश सरकार, जिल्ला समन्वय समिती, माननियज्युहरु, विभिन्न दातृ संस्थाहरुको लागत सहभागितामा समन्वय गरी सम्पन्न गर्ने गरिएको छ ।यस आ.व.२०७८/०७९ मा पनि हाम्रा सबै कामहरु सकेसम्म साझेदारीमा समन्वय गरेर सवैको सामुहिक सहभागितामा नै सम्पन्न गर्ने छौँ । हामीले सुरुवात गरेका धेरै संरचनाहरु, पूर्वाधारका कामहरु, सडकहरु लगायत भवनहरुको थोरै प्रतिशत काम बाँकी छन् ।ती सबै थोरै सम्पन्न गर्न बाँकी कामहरु पूरा गर्नुपर्ने हाम्रो दायित्व छ । हामीले थुप्रै कामहरु गरिसकेका छौँ । ती गरिसकेका कामहरुलाई कागजी रुपबाट व्यवस्थित गर्ने र समुदायलाई सू-सुचित गराउनुपर्ने जिम्मेवारी पनि छ । साथै हामीले हालसम्म बनाएका ऐन, नियम, नियमावली, कार्यविधिलाई आवश्यकता अनुसार संविधान भित्र रही अधिकार क्षेत्रलाई अधिकतम सदुपयोग गरी परिमार्जन गर्नुपर्नेछ ।

माननीय सदस्यज्यूहरु,

अहिले हामी अन्यन्त खतरा र जोखिमका बाबजूद पनि नगरपालिका भित्रका सबै कामहरु र जनताका सरोकारका विषयहरुलाइ अगाडि बढाउने दायित्व रहेको छ । यसरी अप्ठ्यारोका बाबजूद पनि आ-आफ्नो ठाउँमा कोरोनाको महामारीको विपतलाइ व्यवस्थापन गर्न लाग्नुहुने उप प्रमुख ज्यु, प्र.प्र.अ.ज्यु, वडा अध्यक्षज्युहरु, सल्लाहकारज्यूहरु, राजनीतिक पार्टीहरु, विभिन्न सामाजिक संघसंस्थाहरु, वडा सदस्यज्यूहरु, सम्पुर्ण नगरसभाका सदस्यहरु, सबै शाखाका प्रमुखहरु, सम्पुर्ण कर्मचारीहरु र विशेष गरी स्वास्थ्यकर्मीहरु र सुरक्षाकर्मीहरुलाइ हार्दिक धन्यवाद दिन चाहन्छु । आगामि दिनमा अफ्ठ्याराका वावजुद पनि हाम्रो संविधान स्थानिय सरकार संचालन सम्बन्धि ऐन र हामिले पारित गरेका विभिन्न ऐन, नियम, नियमावली र कार्यविधि भित्र रहेर जनताका सवै खाले सेवा दिने समग्र प्रतिबद्धता व्यक्त गर्दै आ.व. २०७८।०७९ मा नगरमा सबै योजना, कार्यक्रम र हाम्रा नीति तथा कार्यक्रम भित्र रहेर काम सम्पन्न गर्न लाग्नुहुने जनप्रतिनिधि, कर्मचारी, प्राविधिकहरु, सामाजिक संघसंस्थाहरु र सम्पुर्ण जन समुदायलाइ हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रभा बराल
नगर प्रमुख

# राप्ती नगरपालिकाको बार्षिक समारोह कार्यक्रम आ.व. २०७८।०७९

| क्र.स. | पर्व/समारोह/दिवस/कार्यक्रम | महिना/मिति | आयोजक | कार्यक्रमको स्वरुप |
|---|---|---|---|---|
| १ | आ.व. २०७७/०७८ को वार्षिक समीक्षा | साउन | नगरपालिका | वडा तथा शाखागत प्रस्तुतिकरण |
| २ | सार्वजनिक सुनुवाई कार्यक्रम | साउन | नगरपालिका | कार्यक्रम |
| ३ | विश्व स्तनपान सप्ताह | साउन १७ देखि | नगरपालिका स्वास्थ्य शाखा | चेतनामुलक कार्यक्रम |
| ४ | आदिवासी जनजाति दिवस | साउन २८ गते | नगरपालिका | कार्यक्रम |
| ५ | निजामती सेवा दिवस | भदौ २२ गते | नगरपालिका | कार्यक्रम |
| ६ | हरितालिका तिज | भदौ २४ गते | नगरपालिका महिला तथा बालबालिका शाखा | कार्यक्रम |
| ७ | अन्तर्राष्ट्रिय साक्षरता दिवस | भदौ २३ गते | नगरपालिका शिक्षा शाखा | कार्यक्रम समारोह सम्मान पुरस्कार |
| ८ | राष्ट्रिय बाल दिवस | भदौ २९ गते | नगरपालिका महिला तथा बालबालिका शाखा | कार्यक्रम |
| ९ | संविधान दिवस | असोज ३ गते | नगरपालिका | समारोह |
| १० | विश्व खाद्य दिवस | असोज ३० गते | नगरपालिका कृषि शाखा | कार्यक्रम |
| ११ | दशै लगायत पर्वहरुको शुभकामना कार्यक्रम | असोज २४ गते | नगरपालिका | शुभकामना कार्यक्रम |
| १२ | धन्वन्तरी जयन्ती | कार्तिक १६ गते | नगरपालिका आयुर्वेद शाखा | कार्यक्रम |
| १३ | लैंगिक हिँसा विरुद्धको १६ दिने अभियान | मंसिर ९ देखि २५ गते सम्म | नगरपालिका महिला तथा बालबालिका शाखा | अभियानमुलक कार्यक्रम |
| १४ | विश्व एड्स दिवस | मंसिर १६ गते | नगरपालिका स्वास्थ्य शाखा | सचेतनामूलक कार्यक्रम |
| १५ | विश्व अपाङ्गता दिवस | मंसिर १८ गते | नगरपालिका महिला तथा बालबालिका शाखा | अवाङ्गता संग सम्बन्धीत कार्यक्रम |
| १६ | स्वयम्सेविका दिवस | मंसिर २० गते | नगरपालिका स्वास्थ्य शाखा | सम्मान कार्यक्रम |
| १७ | भ्रष्टचार विरुद्धको दिवस | मंसिर २३ गते | नगरपालिका | कार्यक्रम |
| १८ | विश्व मानव अधिकार दिवस | मंसिर २४ गते | नगरपालिका | कार्यक्रम |
| १९ | योजना तथा कार्यक्रम समीक्षा | पुष/माघ | नगरपालिका | वडा तथा शाखागत प्रस्तुतिकरण |
| 20 | सार्वजनिक सुनुवाई | माघ | नगरपालिका | सुनुवाइ कार्यक्रम |
| 21 | नगर सभा | माघ | नगरपालिका | सभा |
| 22 | राष्ट्रिय भुकम्प सुरक्षा दिवस | माघ २ | नगरपालिका | कार्यक्रम |
| 23 | नेपाल नर्सिङ दिवस | माघ १५ गते | नगरपालिका स्वास्थ्य शाखा | कार्यक्रम |
| 24 | सहिद दिवस | माघ १६ गते | नगरपालिका | कार्यक्रम |
| 25 | वसन्त पञ्चमी | माघ २३ गते | नगरपालिका शिक्षा शाखा | कार्यक्रम |
| 26 | प्रजातन्त्र दिवस | फागुन ७ गते | नगरपालिका | समारोह |
| 27 | अन्तराष्ट्रिय नारी दिवस | फगुन २४ गते | नगरपालिका महिला तथा बालबालिका शाखा | कार्यक्रम |
| 28 | विश्व क्षयरोग दिवस | चैत्र १० गते | नगरपालिका स्वास्थ्य शाखा | सचेतनामूलक कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| 29 | सहकारी दिवस | चैत्र २० गते | नगरपालिका कृषि शाखा | कार्यक्रम सम्मान |
| 30 | विश्व स्वास्थ्य दिवस | चैत्र २५ गते | नगरपालिका स्वास्थ्य शाखा | कार्यक्रम |
| 31 | लोकतन्त्र दिवस | वैशाख ११ गते | नगरपालिका | समारोह कार्यक्रम |
| 32 | विश्व श्रमिक दिवस | वैशाख १८ गते | नगरपालिका | समारोह कार्यक्रम |
| 33 | गणतन्त्र दिवस | जेष्ठ १५ गते | नगरपालिका | समारोह कार्यक्रम |
| 34 | विश्व धुम्रपानरहित दिवस | जेठ १७ गते | नगरपालिका स्वास्थ्य शाखा | सचेतनामूलक कार्यक्रम |
| 35 | रेविज र दुध दिवस | जेठ १८ गते | नगरपालिका पशु सेवा | कार्यक्रम |
| 36 | विश्व वातावरण दिवस | जेष्ठ २२ | नगरपालिका | कार्यक्रम |
| 37 | अन्तराष्ट्रिय योग दिवस | असार ६ | आयूर्वेद | योग शिविर |
| 38 | नगर सभा | असार | नगरपालिका | सभा |
| 39 | राष्ट्रिय धान दिवस | असार १५ गते | नगरपालिका कृषि | कार्यक्रम |
| 40 | विश्व जनसंख्या दिवस | असार २६ गते | नगरपालिका स्वास्थ्य शाखा | सचेतनामूलक कार्यक्रम |
| ४१ | कार्यपालिका बैठक | प्रत्यक महिना | नगरपालिका | बैठक |